श्रोतः नागरिक, २०७१/२/३०

# १९ आयोजनामा २३० करोडको क्षति, इप्पानले माग्यो सरकारसँग राहत

पुष्पराज कोइराला

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल(इप्पान)ले भूकम्पका कारण प्रभावित जविद्युत् आयोजनाहरुले बैंकसँग लिएको ऋणको किस्ता तिर्ने म्याद पछि सार्ने व्यवस्था मिलाइदिन राष्ट्र बैंकसँग माग गरेको छ। उत्पादन नै ठप्प भएका आयोजनाले आम्दानी नै गुमाउनु परेको तथा आयोजना विभिन्न अंगमा क्षति पुगेको हालको अवस्थामा बैंकको किस्ता नै तिर्न गाह्रो भएको इप्पानको भनाई छ। भूकम्पका कारण निजी क्षेत्रका विभिन्न १९ ओटा आयोजनामा झण्डै २ अर्ब ३० करोड रुपैयाँ बराबरको क्षति भएको र यसको पुनर्निर्माणमा झण्डै २ अर्ब ५० करोड रुपैयाँ खर्च हुने भन्दै यस्तो माग गरिएको इप्पानका अध्यक्ष खड्गबहादुर विष्टले बताए। '१४ ओटा आयोजनाको कुल ८० मेगावाट विद्युत् उत्पादन त ठप्प नै भएको छ,' अध्यक्ष विष्टले भने, 'ऊर्जा राज्यको प्राथमिकता हो भने भूकम्पले थलिएको यस क्षेत्रलाई उठाउन राज्यले केही उदार भएर सहयोग गर्नैपर्छ।'

इप्पानका पूर्व अध्यक्ष सुवर्णदास श्रेष्ठले गत साउन १७ गते सिन्धुपाल्चोकको जुरेमा गएको पहिरोमा परेर लामोसमयसम्म बन्द भई भर्खर सञ्चालमा आउँदै गरेका कतिपय आयोजना पनि भूकम्पले क्षति पु¥याएको बताए। 'सुनकोशी सानो गत साउनको पहिरोको क्षतिपछि पुनर्निर्माण गरी बल्ल सञ्चालनमा ल्याउन लागेका थियौं, फेरी भत्काइदियो,' पुर्वअध्यक्ष श्रेष्ठले भने। उनले यस्ता आयोजनाहरुलाई सरकारले सहयोग गर्नुपर्ने बताए।

क्षतिग्रस्त जलविद्युत् आयोजनाहरुको पुनर्निर्माणका लागि जलविद्युत् लगानी तथा विकास कम्पनी तथा अन्तराष्ट्रिय लगानी कम्पनी(एक्जिम बैंक, विश्व बैंक, आईएफसी, एडीबी)लगायतका लगानीकर्ताहरुबाट सहुलियत ब्याजदर(५.५ प्रतिशतभन्दा कम)को ऋण उपलब्ध गराउन सहयोग गर्न ऊर्जा मन्त्रालय र राष्ट्र बैंकसँग माग गरेको छ।

क्षतिग्रस्त आयोजनाहरुमा यथाशिघ्र सर्वेयरहरु पठाएर क्षतिको मूल्याङ्कन गरी बीमा कम्पनीहरुले बीमा दाबी रकम चाँढो प्रदान गर्नुपर्ने, अग्रिम बीमा भुक्तानीको व्यवस्था मिलाउनु पर्ने, आयोजनाहरु पुनर्निर्माण भई राष्ट्रिय प्रसारणमा नजोडिँदासम्मको समय सम्बन्धित आयोजनाको उत्पादन अनुमति पत्र, आयोजना विकास सम्झौता(पीडीए), विद्युत् खरिदबिक्रि सम्झौत(पीपीए)मा थप्नु पर्ने जस्ता माग पनि इप्पानको छ।

त्यस्तै, भूकम्पछिका जोखिमयुक्त पहाडी जिल्लामा भएका आयोजनाहरुको अवस्थितिअनुसार भौगर्भिक अध्ययन र जोखिम व्यवस्थापनका लागि दातृ निकायको सहयोगमा काम गर्नुपर्ने र बाढी पहिरोको पूर्व

सूचना दिने संयन्त्र स्थापना गर्नु पर्ने, क्षतिग्रस्त आयोजनाको विद्युत् खरिददरलाई बढाएर हाल अन्य आयोजनाहरुलाई दिइँदै आएको पोष्टेड दर दिनुपर्ने, भूकम्पको क्षति र अवरोधलाई पनि काबुबाहिरको परिस्थिति(फोर्स मेजर इभेन्ट) मानेर क्षतिग्रस्त आयोजनाहरुको पीपीएमा जरिवाना छूट गर्नुपर्ने, भ्याटबापत उपलब्ध गराइने प्रतिमेगावाट रु. ५० हजारलाई बढाएर १ करोड रुपैयाँ पु¥याउन पनि इप्पानले ऊर्जा र अर्थ मन्त्रालयसँग माग गरेको छ।

निर्माणाधिन र निर्माणमा जान लागेका आयोजनाहरुको लागि पनि भूकम्पलाई काबुबाहिरको परिस्थिति मानेर वित्तीय व्यवस्थापन(फाइनान्सियल क्लोजर)को म्याद, व्यापारिक उत्पादन शुरु गर्ने म्याद २ वर्ष थप गर्नुपर्ने, सर्वेक्षण तथा उत्पादन अनुमतिपत्रमा उल्लेख भएको पीपीए र वित्तीय व्यवस्थापनको म्यादलाई स्वतः एक वर्ष थप गर्नुपर्ने, जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेडले प्रदान गर्ने कर्जा र पुनर्कर्जा सुविधा क्षतिग्रस्त आयोजनाहरुलाई प्रदान गर्नुपर्ने माग इप्पानको छ।

**इप्पानले पहिचान गरेका भूकम्पप्रभावित आयोजनाहरु**

माथिल्लो भोटेकोशी, इन्दावती तेस्रो, सुनकोशी सानो, बरम्चिखोला, माथिल्लो हाँडिखोला, सिउरीखोला, स्प्रिङखोला, चाकुखोला, मध्य चाकु, चल्लो चाकु, चर्नावती, आँखुखोला–१, भैरवकुण्ड, मैलुङखोला, जिरीखोला, राँधीखोला र छोटेखोला ।

श्रोतः नागरिक, २०७१/२/३०

# तामाकोशीको २ करोड ५४ लाख १६ हजार कित्ता शेयर वितरण

माथिल्लो तामाकोशी जलविद्युत् आयोजना(४५६ मेगावाट)को शेयर शुक्रबार बाँडफाँट गरिएको छ। कर्मचारी सञ्चय कोषका सञ्चयकर्तामध्ये ५० कित्ता शेयर आवेदन गर्ने सञ्चयकर्तालाई शत प्रतिशत(५० कित्ता नै) शेयर परेको छ भने अधिकतम ५ हजार कित्ता शेयर आवेदन गर्ने सञ्चयकर्ता आवेदकलाई २ सय ९३ कित्तासम्म शेयर परेको निष्काशन तथा बिक्री प्रबन्धक नागरिक लगानीकोषले जनाएको छ।

लगानीकोषका अनुसार सञ्चयकर्ताका लागि कुल १ करोड ८२ लाख ९९ हजार ५ सय २० कित्ता शेयर छुट्टयाइएको थियो। कुल १ लाख ९१ हजार ९ सय ५९ जना सञ्चयकर्ताले शेयर प्राप्त गरेका छन्। । आयोजनामा ऋण लगानी गर्ने सञ्चयकोषका ४ सय ८० जना कर्मचारीका लागि कुल १५ लाख २४ हजार नौं सय ६० कित्ता शेयर वितरण गरिएको छ । अर्को ऋण लगानीकर्ता नेपाल टेलिकमका ५ हजार ५ सय ५० कर्मचारीलाई ९ लाख १४ हजार ९ सय ७६ कित्ता शेयर वितरण गरिएको छ।

त्यस्तै, ऋण लगानीकर्ता नागरिक लगानी कोषका १ सय ७ जना कर्मचारीलाई कुल ३ लाख ४ हजार ९ सय ९२ कित्ता, राष्ट्रिय बीमा संस्थानका १ सय ९१ कर्मचारीलाई ३ लाख ४ हजार ९ सय ९२ कित्ता शेयर वितरण गरिएको छ।

प्रवद्र्धक नेपाल विद्युत प्राधिकरणका कर्मचारी र अप्पर तामाकोशी आयोजनाका कर्मचारीलाई न्यूनतम ५० देखि ४ सय २३ कित्तासम्म शेयर दिइएको छ। यी दुई संस्थाका कर्मचारीका लागि ३२ लाख ५७ हजार ५ सय २३ कित्ता शेयर बाँडिएको छ ।

सबै मिलाएर २ करोड ५४ लाख १६ हजार कित्ता शेयर वितरण भएको जानकारी दिइएको छ।

कम्पनीको शेयर आवेदन गरिएका मध्ये १५ वटा आवेदन मात्रै रद्द भएको निष्काशन तथा बिक्री प्रबन्धक नागरिक लगानीकोषले जनाकारी दिएको छ।

आयोजनाका स्थानीय प्रभावित दोलखा जिल्लाबासीका लागि छुट्टयाइएको १ करोड ५ लाख ९० हजार कित्ता शेयर पछि विवरण पत्र प्रकाशित गरी वितरण गर्ने निष्काशन तथा बिक्री प्रबन्धकले बताएको छ।
शेयर वितरणका लागि एनसीएम मर्चेन्ट बैंकिङ लिमिटेड सह– निष्काशक तथा बिक्री प्रबन्धक थियो।

श्रोतः  कान्तिपुर,  २०७१/२/३०

# राहुघाटको ठेक्का खारेज

**७० करोड जमानत जफत गर्ने निर्णय**

*लोकमणि राई*

विद्युत् प्राधिकरण सञ्चालक समितिले राहुघाट जलविद्युत् आयोजनाको ठेक्का सम्झौता खारेज गर्ने निर्णय गरेको छ ।

समितिको बिहीबार राति बसको बैठकले राहुघाटको सिभिल ठेक्का सम्झौता खारेज गर्ने निर्णय गरेको हो ।

'राहुघाटको ठेक्का सम्झौता खारेज गर्ने निर्णय भयो,' प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने । समितिको निर्णय राहुघाट आयोजनाको कार्यालयले पाएपछि ठेक्का खारेज गर्ने प्रक्रिया सुरु हुनेछ ।

सञ्चालक समितिको निर्णयअनुसार कार्यालयले भारतीय ठेकेदार आईभीआरसीएल लिमिटेडलाई पत्र पठाउनेछ । पत्र पाएको

१४ दिनभित्र ठेकेदारले 'साइट' खाली गर्नुपर्ने हुन्छ । 'ठेकेदारले गरेको कामको मूल्यांकन परामर्शदाताबाट हुन्छ,' राहुघाट आयोजना प्रमुख कुलमान घिसिङले भने, 'ठेकेदारको क्षतिपूर्ति दाबी अध्ययन गरेर बिदा गरिनेछ ।'

यसअघि चिलिमे जलविद्युत् आयोजनामा राम्रो काम गरेर चर्चा बटुलेका उनले करिब एक महिनाअघि राहुघाट आयोजना प्रमुखका रूपमा जिम्मेवारी सम्हालेका हुन् । ठेकेदार आईभीआरसीएलकै कारण प्राधिकरणले समस्याग्रस्त घोषणा गरेको राहुघाटमा उनले जिम्मेवारी सम्हालेपछि करिब ४ महिनादेखि पाटन पुनरावेदन अदालतमा अल्झिएको राहुघाटको मुद्दा खारेज भएको थियो । त्यसको करिब डेढ सातापछि उनकै अगुवाइमा ठेक्का खारेज गर्ने प्रस्ताव प्राधिकरणले सञ्चालक समितिमा पुर्‍याएको हो ।

सञ्चालक समितिले आईभीआरसीएलको जमानत जफत गर्ने निर्णय पनि गरेको छ । 'परफर्मेन्स बन्ड र सेक्युरिटी बन्डबापत राहुघाटको करिब ७० करोड रुपैयाँ पनि जफत गर्ने निर्णय भएको छ,' काफ्लेले भने । निर्णयअनुसार ठेकेदार आयोजनाबाट हट्नसाथ यो आयोजना निर्माणका लागि नयाँ ठेक्का प्रक्रिया सुरु हुनेछ । नियमित रूपमा काम भएको भए १७ वर्षअघि पहिचान भई प्रक्रिया सुरु भएको यो आयोजना

सञ्चालनमा आइसक्ने निश्चित थियो । आईभीआरसीएलले चरम आर्थिक संकटका कारण सम्झौता अनुसार काम गर्न नसकेपछि प्राधिकरण ठेक्का सम्झौता खारेज गर्ने सोचमा पुगेको हो ।

प्राधिकरणले माघ ८ मा ३० दिने म्याद तोकी 'नोटिस टु करेक्सन' पठाएर प्रक्रिया सुरु गरेको थियो । म्याद सकिएको भोलिपल्ट राहुघाट प्राधिकरणविरुद्ध पाटन पुनरावेदन अदालत पुगेको थियो । अदालतले तत्कालका लागि यथास्थितिमा काम गर्न दिन भन्दै अन्तरिम आदेश जारी गरेपछि ठेक्का सम्झौता खारेज गर्ने प्रक्रिया रोकिएको थियो ।

३२ मेगावाटको राहुघाटका सिभिल ठेकेदार आईभीआरसीएलसँग २०६७ कात्तिक १८ मा ठेक्का सम्झौता भएको थियो । त्यसको ४२ महिनाभित्र राहुघाट निर्माण भई सञ्चालनमा आइसक्नुपर्ने थियो ।

तर, सिभिलले ठेक्का पाएको करिब डेढ वर्षपछि मात्र परामर्शदाता बाप्कोस लिमिटेडलाई २०६८ फागुन ४ मा नियुक्त गरिएको थियो । नियुक्तिको झन्डै ८ महिनापछि बाप्कोसले ठेकेदार आईभीआरसीएल लिमिटेडलाई काम सुरु गर्न 'नोटिस टु प्रोसिड' जारी गरेको थियो । त्यस बेलासम्म ठेकेदार निर्माणस्थल परिचालन भएको करिब २ वर्ष पुगिसकेको थियो ।

ठेकेदारले उल्टो २ वर्ष 'आइडल' बस्नुपरेको तथा निर्माण सामग्रीको मूल्य बढेको भन्दै ३३ करोड रुपैयाँ क्षतिपूर्ति माग्यो ।

प्राधिकरणले आईभीआरसीएललाई ३ करोड ९३ लाख रुपैयाँ क्षतिपूर्ति दिएको छ । तर १४ करोड रुपैयाँ क्षतिपूर्ति पाउनुपर्ने दाबी गर्दै आईभीआरसीएलले बाँकी क्षतिपूर्ति रकमका लागि ताकेता गरिरहेको छ ।

ठेक्का सम्झौता खारेज भएपछि नयाँ प्रक्रिया सुरु गरेर यो आयोजना निर्माण गर्न करिब ५ वर्ष लाग्छ । प्राधिकरण स्रोतका अनुसार आईभीआरसीएलले एड्भान्सबापत कम्तीमा ५० करोड रुपैयाँ लगिसकेको छ । तर, काम भने १० करोड रुपैयाँभन्दा बढीको गरेको छैन । काम गर्न नसकेपछि ऋण लगानीकर्ता भारतीय एक्जिम बैंकले पनि आईभीआरसीएलको बचाउ गरेको थिएन । भारतीय दूतावाससहितको टोलीले गतवर्ष छिटो काम गर्न कडा निर्देशनसमेत दिएको थियो ।

श्रोतः अभियान, २०७१/२/३०

## सभाखोला आयोजनाको सम्पन्न अवधि लम्बिने

दिव्यश्वरी हाइड्रोपावर लिमिटेडले निर्माण गरिरहेको सभाखोला आयोजनाको निर्माण अवधि लम्बिने भएको छ । ४ मेगावाट क्षमताको यो आयोजना स्थल वरपर भूकम्प र त्यसपछि आएको बाढि पहिरोले क्षति पुर्‍याएको छ । आयोजनाको इन्टेक, पावर हाउस र आयोजना स्थलसम्मको १२ सय मिटर ट्र्याकमा क्षति पुगेको छ । आयोजना आगामी पुस १५ मा निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको थियो ।

श्रोतः अभियान, २०७१/२/३०

# 'डिफल्ट प्रोभिजन' नलगाउन जलविद्युत् प्रवर्द्धकको माग

जीवन बस्नेत

**निजीक्षेत्रबाट सञ्चालित आयोजना पुनर्निर्माण गर्न अढाई अर्ब**

जेठ ३०, काठमाडौं । नियमित किस्ता तिर्न नसक्ने भएपछि बैङ्कले गर्नुपर्ने डिफल्ट प्रोभिजन तत्काललाई हटाउन स्वतन्त्र ऊर्जा उत्पादकहरूले आग्रह गरेका छन् । वैशाख १२ गतेको भूकम्प र त्यसपछिका परकम्पनबाट क्षतिग्रस्त जलविद्युत् आयोजना पुनःस्थापना नहुँदासम्म विद्युत् उत्पादन नहुने भएकाले आम्दानीको स्रोत स्वतः बन्द हुने भएपछि किस्ता तिर्न समस्या हुने भन्दै उनीहरूले यो माग गरेका हुन् ।

सञ्चालनमा रहेका जलविद्युत् आयोजनाले हरेक ३ महीनामा आफूले कर्जा लिएको बैङ्कमा नियमित किस्ता तिर्नुपर्ने व्यवस्था छ । तर, नियमित किस्ता तिर्न नसक्दा 'प्रोभिजनिङ'कै कारण बैङ्कबाट आउनसक्ने दबाब रोक्न यस्तो आग्रह गरेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का अध्यक्ष खड्गबहादुर विष्टले बताए । कुनै पनि आयोजनाले किस्ता समयमा तिर्न नसक्दा बैङ्कहरूले सम्भावित जोखीम कर्जाबापतको व्यवस्थामा निश्चित प्रतिशत रकम छुट्ट्याउनुपर्ने हुन्छ ।

'विद्युत् उत्पादन गरिरहेका तर विनाशकारी भूकम्पका कारण बन्द भएका आयोजनाले किस्ता तिर्न नसक्ने भएकाले विषम परिस्थिति मानेर डिफल्ट प्रोभिजन हटाउन राष्ट्र बैङ्कसँग हाम्रो आग्रह हो,' इप्पान अध्यक्ष विष्टले भने । यसबाट एकातिर आयोजनालाई बैङ्कको ऋण तिर्न सजिलो हुने र अर्कोतिर वाणिज्य बैङ्कलाई पनि सहज हुने इप्पानको ठम्याइ छ । भूकम्पले जलविद्युत् क्षेत्रमा नकारात्मक वातावरणको सृजना गरेको अहिलको स्थितिमा सरकारले यसलाई सुधार गर्न कदम चाल्नुपर्ने इप्पान महासचिव कुमार पाण्डेको भनाइ छ ।

इप्पानले शुक्रवार पत्रकार सम्मेलनमार्पmत पनि निर्माणाधीन चरणमा रहेका, उत्पादन अनुमतिपत्र प्राप्त गरी वित्तीय व्यवस्थापनको चरणमा रहेका तथा सम्भाव्यता अध्ययनमा रहेका जलविद्युत् आयोजनाहरूलाई प्रत्यक्षरूपमा गम्भीर असर पुगेको जानकारी दिएको छ । इप्पानले भूकम्पले क्षति पुगेका निजीक्षेत्रबाट सञ्चालित जलविद्युत् आयोजना पुनर्निर्माण गर्न रू. २ अर्ब ५० करोड आवश्यक पर्ने तथ्याङ्क प्रस्तुत गरेको छ ।

त्यस्तै, सञ्चालनमा रहेका जलविद्युत् आयोजनामा २ अर्ब ३० करोड रुपैयाँको क्षति आकलन गरिएको इप्पानका अध्यक्ष खड्गबहादुर विष्टले जानकारी दिए । 'भूकम्पले निर्माणाधीन आयोजनाहरूमा ठूलो असर गरेको छ र त्यसको विवरण आउन अझैm समय लाग्नेछ,' उनले भने । समग्रमा निजीक्षेत्रबाट सञ्चालित सम्पूर्ण आयोजना केही न केही रूपमा भूकम्पबाट प्रभावित रहेको इप्पानको निष्कर्ष छ ।

## क्षति पुगेका १९ मध्ये १४ बन्द

भूकम्पका कारण निजीक्षेत्रबाट निर्माण गरी सञ्चालनमा रहेका १९ ओटा जलविद्युत् आयोजनामा क्षति पुगेको र तीमध्ये १४ ओटामा विद्युत् उत्पादन बन्द रहेको छ । क्षति पुगेका आयोजनाहरूमा माथिल्लो भोटेकोशी, इन्द्रावती

तेस्रो, सुनकोशी, बरम्ची खोला, माथिल्लो हाँडीखोला, सिउरीखोला, सिप्रिङखोला, मध्य चाकु, तल्लो चाकु, चाकुखोला, चर्नावती, आँखुखोला १, मैलुङ खोला, भैरवकुण्ड, जिरीखोला, राँधीखोला र छोटेखोलालगायत जलविद्युत् आयोजना रहेका छन् । यी आयोजनाबाट कुल १ सय ९ मेगावाट विद्युत् उत्पादन हुँदै आएकोमा अहिले ८० मेगावाट विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिन सकेको छैन । प्राप्त प्रतिवेदनअनुसार केही आयोजना नराम्ररी प्रभावित भएका र कतिपय आयोजनाको अवस्था र विवरण अझै प्राप्त नभइसकेको इप्पानको भनाइ छ ।

श्रोतः नयाँ पत्रिका, २०७१/२/३०

# निजी क्षेत्रका विद्युत् आयोजनामा २ अर्बको क्षति

भूकम्पले विद्युत् उत्पादन गरिरहेका, निर्माणाधीन, उत्पादन अनुमति लिएर लगानी जुटाउने चरण र सम्भाव्यता अध्ययनमा रहेका निजी क्षेत्रका विद्युत् आयोजनामा २ अर्ब ३० करोड रुपैयाँको क्षति पुगेको छ ।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था इपानले राजधानीमा पत्रकार सम्मेलन गरी भूकम्पले क्षति पुर्‍याएका आयोजना पुनर्निर्माणमा २ अर्ब ५० करोड रुपैयाँ लाग्ने प्रारम्भिक अनुमान गरिएको बताएको हो । इपानका अनुसार, भूकम्पबाट माथिल्लो भोटेकोसी, इन्द्रावती तेस्रो, सुनकोसी साना जलविद्युत् आयोजना, बरम्चीखोला, माथिल्लो हाँडीखोला, सिउरीखोला, सिप्रिङखोला, मध्यचाकु, तल्लो चाकु, चाकुखोला, चर्नावती, आँखुखोला १, मैलुङखोला, भैरवकुण्ड, जिरीखोला राँधीखोला र छोटेखोला गरी कुल १ सय ९ मेगावाट प्रभावित भएका छन् । त्यसमध्ये १४ आयोजना बन्द भएर ८० मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छैन ।

इपान अध्यक्ष खड्गबहादुर विष्टले निर्माणाधीन धेरै आयोजनामा ठूलो असर परेको बताए । 'जोखिम मोलेर जलविद्युत्मा लगानी गरिरहेका निजी क्षेत्रका प्रवद्र्धकको मनोबल कायम राख्न सरकारले यस क्षेत्रलाई उच्च प्राथमिकतामा राखी वित्तीय र नीतिगत सहुलियत दिनुपर्छ,' उनले भने । इपानले भूकम्पबाट क्षतिग्रस्त भएका, सञ्चालनमा आएका जलविद्युत् आयोजनाको हकमा ५.५ प्रतिशतभन्दा कम ब्याजदरमा ऋृण उपलब्ध गराउन माग गरेको छ । जलविद्युत् लगानी तथा विकास कम्पनी र अन्तर्राष्ट्रिय लगानी कम्पनीको पुँजी परिचालन गरेर सहुलियत कर्जा माग गरेको छ । 'भूकम्पबाट क्षति पुगेको आयोजना पुनर्निर्माणका लागि ठूलो रकम आवश्यक छ, बिमाबापतको रकम फास्ट ट्र्याकमा उपलब्ध गराउने र बिमा कम्पनीले ५० प्रतिशत अग्रिम बिमा भुक्तानी व्यवस्था गरिदिन सरकारले निर्देशन दिनुपर्छ,' अध्यक्ष विष्टले भने ।

क्षति भएका आयोजना पुनर्निर्माण भएर राष्ट्रिय प्रसारण लाइनमा नजोडिएसम्मको समयलाई त्यस्ता आयोजनाको उत्पादन, अनुमतिपत्र, आयोजना विकास सम्झौता तथा विद्युत् खरिद–बिक्री सम्झौता थप गर्न इपानले माग गरेको छ ।

इपानका पूर्वअध्यक्ष डा.सुवर्णदास श्रेष्ठले ऊर्जा क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा गरी सरकारले विशेष राहत प्याकेज ल्याउनुपर्ने बताए । 'भूकम्पपछि पनि सरकारी निकायले पहिलेजस्तै प्रक्रियागत झन्झटमा रुमल्लिए समस्यामा परेरहेका आयोजना झन् संकटकग्रस्त हुन्छन्, निर्णय प्रक्रिया फास्ट ट्र्याकबाट गरी लगानी वातावरण बनाइदिनुपर्छ,' श्रेष्ठले भने । इपानका महासचिव कुमार पाण्डेले सहुलियत घोषणा गरी सरकारले जलविद्युत् प्राथमिकताप्राप्त र लगानीयोग्य क्षेत्र भएको सन्देश दिनुपर्ने बताए । - See more at: http://www.enayapatrika.com/2015/06/10721#sthash.5pHemS4V.dpuf

श्रोतः नयाँ पत्रिका, २०७१/२/३०

# निजी क्षेत्रका विद्युत् आयोजनामा २ अर्बको क्षति

भूकम्पले विद्युत् उत्पादन गरिरहेका, निर्माणाधीन, उत्पादन अनुमति लिएर लगानी जुटाउने चरण र सम्भाव्यता अध्ययनमा रहेका निजी क्षेत्रका विद्युत् आयोजनामा २ अर्ब ३० करोड रुपैयाँको क्षति पुगेको छ ।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था इपानले राजधानीमा पत्रकार सम्मेलन गरी भूकम्पले क्षति पुर्‍याएका आयोजना पुनर्निर्माणमा २ अर्ब ५० करोड रुपैयाँ लाग्ने प्रारम्भिक अनुमान गरिएको बताएको हो । इपानका अनुसार, भूकम्पबाट माथिल्लो भोटेकोसी, इन्द्रावती तेस्रो, सुनकोसी साना जलविद्युत् आयोजना, बरम्चीखोला, माथिल्लो हाँडीखोला, सिउरीखोला, सिप्रिङखोला, मध्यचाकु, तल्लो चाकु, चाकुखोला, चर्नावती, आँखुखोला १, मैलुङखोला, भैरवकुण्ड, जिरीखोला राँधीखोला र छोटेखोला गरी कुल १ सय ९ मेगावाट प्रभावित भएका छन् । त्यसमध्ये १४ आयोजना बन्द भएर ८० मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छैन ।

इपान अध्यक्ष खड्गबहादुर विष्टले निर्माणाधीन धेरै आयोजनामा ठूलो असर परेको बताए । 'जोखिम मोलेर जलविद्युत्मा लगानी गरिरहेका निजी क्षेत्रका प्रवद्र्धकको मनोबल कायम राख्न सरकारले यस क्षेत्रलाई उच्च प्राथमिकतामा राखी वित्तीय र नीतिगत सहुलियत दिनुपर्छ,' उनले भने । इपानले भूकम्पबाट क्षतिग्रस्त भएका, सञ्चालनमा आएका जलविद्युत् आयोजनाको हकमा ५.५ प्रतिशतभन्दा कम ब्याजदरमा ऋण उपलब्ध गराउन माग गरेको छ । जलविद्युत् लगानी तथा विकास कम्पनी र अन्तर्राष्ट्रिय लगानी कम्पनीको पुँजी परिचालन गरेर सहुलियत कर्जा माग गरेको छ । 'भूकम्पबाट क्षति पुगेको आयोजना पुनर्निर्माणका लागि ठूलो रकम आवश्यक छ, बिमाबापतको रकम फास्ट ट्रयाकमा उपलब्ध गराउने र बिमा कम्पनीले ५० प्रतिशत अग्रिम बिमा भुक्तानी व्यवस्था गरिदिन सरकारले निर्देशन दिनुपर्छ,' अध्यक्ष विष्टले भने ।

क्षति भएका आयोजना पुनर्निर्माण भएर राष्ट्रिय प्रसारण लाइनमा नजोडिएसम्मको समयलाई त्यस्ता आयोजनाको उत्पादन, अनुमतिपत्र, आयोजना विकास सम्झौता तथा विद्युत् खरिद–बिक्री सम्झौता थप गर्न इपानले माग गरेको छ ।

इपानका पूर्वअध्यक्ष डा.सुवर्णदास श्रेष्ठले ऊर्जा क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा गरी सरकारले विशेष राहत प्याकेज ल्याउनुपर्ने बताए । 'भूकम्पपछि पनि सरकारी निकायले पहिलेजस्तै प्रक्रियागत झन्झटमा रुमल्लिए समस्यामा परेरहेका आयोजना झन् संकटकग्रस्त हुन्छन्, निर्णय प्रक्रिया फास्ट ट्रयाकबाट गरी लगानी वातावरण बनाइदिनुपर्छ,' श्रेष्ठले भने । इपानका महासचिव कुमार पाण्डेले सहुलियत घोषणा गरी सरकारले जलविद्युत् प्राथमिकताप्राप्त र लगानीयोग्य क्षेत्र भएको सन्देश दिनुपर्ने बताए ।

श्रोतः नयाँ पत्रिका, २०७१/२/३०

# राहुघाटको ठेक्का तोडियो

**सचेन गौतम**

विद्युत् प्राधिकरणले निर्माणाधीन ३२ मेगावाटको राहुघाट जलविद्युत् आयोजनाको मुख्य सिभिल संरचनाको ठेकेदार भारतीय कम्पनी आइभिआरसिएलसँगको ठेक्का सम्झौता तोडेको छ । प्राधिकरण सञ्चालक समितिको बिहीबारको बैठकले सम्झौताअनुसार काम गर्न नसकेको भन्दै कम्पनीसँगको ठेक्का तोड्ने निर्णय गरेको हो ।

प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्ले वित्तीय रूपमा टाट पल्टिएको र सम्झौताअनुसार काम गर्न नसकेकाले आइभिआरसिएलसँगको ठेक्का तोडिएको जानकारी दिए । 'ठेक्का तोडी कम्पनीले अग्रिम भुक्तानी र कार्यसम्पादन बैंक ग्यारेन्टी जफत गर्ने निर्णय भएको छ,' कार्यकारी निर्देशक काफ्लेले भने ।

कम्पनीले अग्रिम भुक्तानी र कार्यसम्पादन बैंक ग्यारेन्टी क्रमश: ४२ लाख ७५ हजार अमेरिकी डलर र करिब २४ लाख डलर तथा ९ करोड रुपैयाँ राखेको छ । भारतीय एक्जिम बैंकको सहुलियतपूर्ण र नेपाल सरकार तथा विद्युत् प्राधिकरणको संयुक्त लगानीमा आयोजना निर्माण हुन लागेको हो । एक्जिम बैंकको ऋण लिएका कारण ठेकेदार र परामर्शदाता कम्पनी दुवै भारतीय छन् । भारतीय कम्पनीबीच गराइएको प्रतिस्पर्धामा टाट पल्टिएको कम्पनी आइभिआरसिएललाई छनोट गरिएको थियो । एक्जिम बैंकबाट लिएको ऋण सिभिलतर्फका विद्युत्गृह, बाँध, सुरुङलगायतका संरचना निर्माण र परामर्शदातामा खर्च हुनेछ । आयोजनाको कुल लागत ६ करोड ७० लाख अमेरिकी डलर छ । कार्यकारी निर्देशक काफ्लेले अहिलेसम्म भएको कामको अध्ययनपछि आयोजनाबारे थप निर्णय गरिने बताए । पैसा अभावको कारण देखाउँदै सिभिल ठेकेदार आइभिआरसिएलले काम नगरेपछि विद्युत् प्राधिकरणले ३० दिने सूचना (नोटिस टु करेक्सन) दिएको थियो । कम्पनीले प्राधिकरणको सूचना ठेक्का सम्झौताविपरीत भएको दाबी गर्दै गत पुसमा पुनरावेदन अदालतमा रिट दायर गरेको थियो । सुरुमा ठेकेदारमाथि कारबाही नगर्न अन्तरिम आदेश दिएको पुनरावेदन अदालत पाटनले गत १७ जेठमा मुद्दाको अन्तिम फैलसा गदै आइभिआरसिएलको रिट निवेदनलाई खारेज गरिदिएको हो । रिट खारेज भएपछि प्राधिकरणलाई ठेक्का तोड्न बाटो खुलेको थियो ।

प्राधिकरणका ११ तहका कुलमान घिसिङ प्रमुख भएपछि आयोजनाको प्रगति मूल्यांकन गरी ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाएका थिए । त्यसमा प्राधिकरणका कार्यकारी निर्देशक काफ्लेले पनि साथ दिएका थिए । 'ठेक्का सम्झौता भएको ५ वर्ष पूरा हँुदासमेत आयोजना सकिनुपर्ने वेलामा अहिलेसम्म ठेकेदार पूर्ण रूपमा परिचालन नै भएको रहेनछ, यही अवस्था रहिरहे राहुघाट प्राधिकरणका लागि मात्रै नभएर मुलुकै लागि महँगो आयोजना बन्ने देखेपछि ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाएको थिएँ,' घिसिङले भने । ०७३ जेठमा सक्ने लक्ष्य राखिएको आयोजनाको अहिलेसम्मको वित्तीय र भौतिक प्रगति करिब १२/१२

प्रतिशत मात्रै छ । आयोजनाले ठेकेदारलाई अलिहेसम्म करिब ५० करोड रुपैयाँ भुक्तानी गरिसकेको छ । त्यसमध्ये ठेकेदारले उपकरण र हालसम्मको कामसहित करिब २० करोड रुपैयाँ मात्रै खर्च गरेको छ । आयोजनाको मुख्य, सहायक, अडिट गरी सुरुङको लम्बाइ करिब ८ किलोमिटर छ । ठेकेदारले अहिले खनिरहेको १ सय १७ मिटर अडिट तीन सुरुङमध्ये १० महिनामा ६४.५ मिटर मात्रै खनेको थियो । ठेकेदारले गत चैतदेखि काम नै रोकेको थियो ।

‘सञ्चालक समितिको निर्णय प्राप्त भएपछि ठेकेदारलाई ठेक्का तोडिएको सूचना दिन्छौँ, त्यसपछि १४ दिनभित्रमा आयोजनास्थल छोडिसक्नुपर्ने हुन्छ,’ आयोजना प्रमुख घिसिङले भने । ठेकेदार कम्पनीले भने प्राधिकरणले परामर्शदाता छनोटमा ढिलाइ गरेकाले आयोजना निर्माण अगाडि बढाउन नसकिएको बताउँदै आएको थियो । भारतीय दूतावासले गरिदिएको ढिलाइका कारण सिभिलको ठेक्का सम्झौता कार्यान्वयनमा आएको २२ महिनापछि परामर्शदाता छनोट भएको थियो । परामर्शदाता नियुक्तिमा ढिलाइ भएपछि प्राधिकरणले ठेकेदारलाई ३ करोड ९३ लाख रुपैयाँ क्षतिपूर्ति तिरेको थियो ।

श्रोतः नयाँ पत्रिका, २०७१/२/३०

## माथिल्लो तामाकोसीको सेयर बाँडफाँट

माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको सेयर बाँडफाँट भएको छ । आयोजनाका कर्मचारी, ऋण प्रदायक संस्थाका कर्मचारी र सञ्चयकर्ताका लागि छुट्याइएको सेयर शुक्रबार बाँडफाँट गरेको हो । आवेदन संकलन गरेको करिब ७५ दिनपछि सेयर बाँडफाँट भएको छ । प्रक्रिया पूरा भएका सबै आवेदकलाई न्यूनतम ५० कित्ता र त्यसबाट बचेको सेयर समानुपातिक प्रणालीअन्तर्गत वितरण गरिएको सेयर निष्कासन तथा बिक्री प्रबन्धक नागरिक लगानी कोषले जानकारी दिएको छ । रीतपूर्वक आवेदन गर्ने १ लाख ९१ हजार १ सय ५९ जना सञ्चयकर्तालाई १ करोड ८२ लाख ९९ हजार ५ सय २० कित्ता सेयर बाँडफाँट गरिएको छ । यस्तै, नेपाल विद्युत् प्राधिकरण र कम्पनीका ९ हजार ९ सय ५४ जना कर्मचारीलाई ४० लाख ६६ हजार ५ सय ६० कित्ता, नेपाल दूरसञ्चार कम्पनीका ५ हजार ५ सय ५० कर्मचारीलाई ९ लाख १४ हजार ९ सय ७६ कित्ता, कर्मचारी सञ्चय कोषका ४ सय ८० कर्मचारीलाई १५ लाख ३१ हजार ४ सय ४० कित्ता वितरण गरिएको छ । त्यस्तै, राष्ट्रिय बिमा संस्थानका १ सय ९१ कर्मचारीलाई ३ लाख ४ हजार ९ सय ९२ कित्ता र नागरिक लगानी कोषका १ सय ७ जना कर्मचारीलाई ३ लाख ४ हजार ९ सय ९२ कित्ता गरी कुल २ करोड ५४ लाख १६ हजार कित्ता सेयर बाँडफाँट भएको कोषले बताएको छ । यसअघि आयोजनाले स्थानीयलाई १० प्रतिशत र ऋण प्रदायक संस्थाका कर्मचारी र सञ्चयकर्तालाई २४ प्रतिशत सेयर वितरण गर्ने तयारी गरेको थियो । सोहीअनुरूप विवरणपत्र पनि प्रकाशित गरेको थियो । तर, विवादका कारण स्थानीयलाई छुट्याइएको सेयरका लागि आवेदन नै खुल्न सकेन । स्थानीयका लागि १ अर्ब ५ करोड ९० लाख रुपैयाँको १ करोड ५ लाख ९० हजार कित्ता सेयर छुट्याएको छ । सोही कारण अहिले कर्मचारी र सञ्चयकर्तालाई छुट्याइएको सेयर मात्र बाँडफाँट गरिएको हो । कम्पनीको सेयरमा ३ अर्ब ६० करोड ६ लाख रुपैयाँबराबरको (३ करोड ६० लाख ६ हजार कित्ता) सेयरका लागि दरखास्त आह्वान गरिए पनि साढे १९ अर्ब रुपैयाँबराबरको सेयर माग आएको थियो ।

श्रोतः राजधानि दैनिक, २०७१/२/३०

# राहुघाटको ठेकेदारसँग ठेक्का तोड्ने निर्णय

**काठमाडौं/रास—** नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिले ३२ मेगावाटको राहुघाट जलविद्युत् आयोजनाको ठेकेदार कम्पनीसँग ठेक्कासम्झौता तोड्ने निर्णय गरेको छ । बिहीबार राति ऊर्जा मन्त्रालयमा बसेको सञ्चालक समितिको बैठकले ठेक्का तोड्ने निर्णय गरेको हो ।

बैठकले ठेकेदार आईभीआरसीएल लिमिटेडले राखेको धरौटी रकमसमेत जफत गर्ने निर्णय गरेको हो । प्राधिकरणका अनुसार ठेकेदार कम्पनीले राखेको २४ लाख ८० हजार डलर र ९ करोड ३५ लाख रुपैयाँ धरौटी जफत गर्न लागिएको हो । यो निर्णयसँगै प्राधिकरण अब ठेकेदार कम्पनीलाई सूचना दिएर बाँकी हरहिसाब फरफारक गरी बिदाइ गर्नुका साथै नयाँ ठेक्का आह्वान गर्ने प्रक्रिया अघि बढाइने प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले जनाएको छ ।

ठेकेदार कम्पनीले काम नगरेपछि प्राधिकरणले ठेक्कासम्झौता तोड्ने प्रक्रिया अघि बढाएसँगै त्यसविरुद्ध पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरेको थियो । प्राधिकरणको पक्षमा फैसला आएपछि बाटो खुलेको हो । समस्याग्रस्त अवस्थामा पुगेको सो आयोजना निर्माणमा ढिलाइ गरेको भन्दै ठेकेदार आईभीआरसीएल लिमिटेडस“ग सम्झौता तोड्ने प्रक्रियाअन्तर्गत प्राधिकरणले पत्र समेत पठाइसकेको थियो । २२ डिसेम्बर अर्थात गत ७ पुसमा एक महिनाभित्र ९१ मिटर अडिटअन्तर्गतको सुरुङ पूरा नगरे ठेक्कासम्झौता तोड्ने प्राधिकरणले कम्पनीलाई सूचना दिएको थियो । त्यसविरुद्ध ठेकेदार कम्पनीले मुद्दा दायर गरेको थियो ।

श्रोतः राजधानि दैनिक, २०७१/२/३०

# तामाकोसीको सेयर बाँडफाँट

**काठमाडौं/रास—** स्वदेशी लगानीमा निर्माणाधीन ४५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको सेयर बाँडफाँट भएको छ ।कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता र कोषका कर्मचारीका साथै नेपाल विद्युत् प्राधिकरण र तामाकोसी आयोजना, राष्ट्रिय बिमा संस्थान, नेपाल टेलिकम र नागरिक लगानी कोषका कर्मचारीलाई सेयर बाँडफाँट गरिएको हो । सञ्चयकर्ता तथा यी निकायका कर्मचारीका लागि २४ प्रतिशतबराबरको सेयर आह्वान गरिएको थियो । बाँकी १० प्रतिशत जिल्लावासी र १५ सर्वसाधारणलाई पछि सेयर जारी गर्न बाँकी छ ।आयोजनाको निष्कासन तथा बिक्री प्रबन्धक नागरिक लगानी कोषका अनुसार सञ्चयकर्ताले १ करोड ८२ लाख ९९ हजार ५ सय २० कित्ता सेयर पाएका छन् । ५ हजार हाल्ने सञ्चयकर्ताले ५० कित्ता पाएका छन् भने त्यसभन्दा माथि हाल्ने सञ्चयकर्ताले हालेको रकमको आधारमा सेयर पाएका छन् । सबैभन्दा बढी ५ लाख सेयर हाल्ने सञ्चयकर्ताले २ सय ९३ कित्ता सेयर पाएको कोषले जनाएको छ ।

त्यसैगरी, विद्युत् प्राधिकरण र तामाकोसीका कर्मचारीले ४० लाख ६६ हजार ५ सय ६०, टेलिकमका कर्मचारीले ९ लाख १४ हजार ९ सय ७६ कित्ता, सञ्चय कोषका कर्मचारीले १५ लाख २४ हजार ९ सय ६० तथा बिमा संस्थान र नागरिक लगानीका कोषका कर्मचारीले बराबर ३ लाख ४ हजार ९ सय ९२ कित्ता सेयर पाएका छन् ।

दोलखा जिल्लावासीका लागि छुट्ट्याएको बाँकी १ करोड ५ लाख ९० हजार कित्ता सेयर निष्कासनको तयारीमा रहेको र त्यसपछि थप १५ प्रतिशत सेयर सर्वसाधारणलाई निष्कासन गरिने आयोजनाले जनाएको छ ।

श्रोतः कान्तिपुर, २०७१/२/३१

# भूकम्पले ७२ मेगावाट उत्पादन बन्द

- करोडौंको क्षति, तत्काल मर्मको सम्भावना न्यून

ऋषिराम पौड्याल

भूकम्पले सिन्धुपाल्चोकका सात विद्युत् आयोजनाबाट हुँदै आएको ७२ मेगावाट विद्युत्े उत्पादन डेढ महिनादेखि बन्द छ । आयोजना स्थलमा पहिरो चलिरहेकाले तत्काल मर्मतको सम्भावना नभएको जानकारी आयोजनाले दिएको छ । एक सय दुई मेगावाटको मध्यभोटेकोसीसहित निर्माणाधीन चार आयोजना पनि क्षतिग्रस्त भएका छन् । ती आयोजनाहरूको करोडौं रुपैयाँ नोक्सानी भएको छ । कतिपय आयोजना मर्मतका लागि एक वर्षभन्दा बढी समय लागने अनुमान छ ।

उत्पादन दिइरहेको ४५ मेगावाटको भोटेकोसी, १० दशमलव ५ मेगावाटको सुनकोसी, छ दशमलव ५ मेगावाटको पुरानो चाकु, ३ दशमलव ५ मेगावाटको भैरवकुण्ड, ३ दशमलव २ मेगावाटको बराम्ची, २ दशमलव ६ मेगावाटको सानो सुनकोसी, एक मेगावाटको माथिल्लो हाँडीखोलालगायत आयोजनाहरूको उत्पादन भूकम्प आएदेखि नै बन्द छ । सामान्य क्षति पुगेको इन्द्रावती तेस्रोको भने मर्मतपछि उत्पादन सुरु भएको छ ।

सबैभन्दा बढी क्षति ४५ मेगावाटको भाटेकोसीको भएको छ । 'पेनस्टक' पाइप फुटेर पानी बाहिर निस्केपछि पावर हाउस, आवास भवन, कार्यालयलाई क्षति पुर्‍याएको छ । भोटकोसी कम्पनीका प्रमुख कार्यकारी अधिकृत नरेन्द्र प्रजापतिका अनुसार प्रारम्भिक क्षति हेर्दा पुनर्निर्माण गरेर उत्पादन सुरु गर्न कम्तीमा एक वर्ष लाग्नेछ । अत्यन्त जोखिम क्षेत्र मानिएको आयोजना स्थलमा मंगलबार प्राविधिक टोली गएको छ । 'सम्भव भयो भने मर्मतभन्दा पनि थप क्षति नहोस् भन्नाका लागि पहिरो रोकथाम प्रयास गर्छौं,' प्रजापतिले भने ।

भाटेकोसीको गत साउनमा गएको जुरे पहिरोले ट्रासमिसन लाइन क्षति पुर्‍याएको थियो । पहिरोका कारण बन्द आयोजना सञ्चालन नहुँदै दलहरूको आह्वानमा असोजदेखि ट्रान्समिसन लाइन बनाउन रोक लगाइएको थियो । गत पुसबाट उत्पादन सुरु गरेको आयोजना फेरि भूकम्पको मारमा परेको छ । प्राधिकरणको स्वामित्वमा रहेको १० दशमलव ५ मेगावाटको सुनकोसीको नहर फुटेको छ । टर्वाइनमा पानी नजाने भएपछि उत्पादन बन्द गरिएको छ । उक्त ओयोजनाको मर्मत भइरहेको छ ।

निर्माणाधीन आयोजनामध्ये सबैभन्दा बढी क्षति माथिल्लो चाकुको भएको छ । शिवश्री हाइड्रोका कार्यकारी अध्यक्ष उमेश कसजुका अनुसार उक्त आयोजनाको ट्रान्समिसन लाइन, पावर हाउस, सर्जट्यांक, 'पेनस्टक' पाइप, सुरुङमा बढी क्षति पुगेको छ । प्रवेश मार्ग क्षतविक्षत भएको र पहिरोको जोखिम रहेकाले तत्काल मर्मतको सम्भावना न्यून छ । 'करोडौंको नोक्सानी भयो,' कसजुले भने ।

लाफिङबुद्ध र नेपाल एलाइन्सद्वारा निर्मित छ दशमलव पाँच मेगावाटको पुरानो चाकुको 'ट्रान्समिसन लाइन', बालुका छान्ने मेसिन, स्विचयार्डमा क्षति पुगेको छ । 'वर्षात अगाडि मर्मको सम्भावना छैन,' कसजुले भने । सेलाङमा निर्माण भइरहेको १० दशमलव छ मेगावाटको मुनलाइट हाइड्रोपावरको प्रवेश मार्ग ध्वस्त भएको छ । कर्मचारी आवासको संरचनाको जस्तापातलगायतको सामान चोरी भएको छ ।

पहिरोको जोखिमले कतिपय आयोजना स्थल नै मानव बस्तीविहीन भएकाले तत्काल मर्मतको सम्भावना देखिँदैन । एक मेगावाटको झ्याडीखोला आयोजना उत्पादन सुरु गर्ने समयमा क्षतविक्षत भएको छ । दुई सय ५० मेगावाटभन्दा बढीका आयोजनाहरू निर्माणाधीन अवस्थामा छन् । जलबिरे करिडोरमा रहेका निर्माणाधीन आयोजनाको क्षतिको सबै विवरण अझै प्राप्त भइसकेको छैन ।

श्रोतः कान्तिपुर, २०७१/२/३१

# मेवाखोला असोजदेखि सञ्चालन हुने

*डम्बरसिं राई*

मेवाखोला जलविद्युत् आयोजना आगामी असोजबाट सञ्चालनमा आउने भएको छ । आयोजनाको ८० प्रतिशत काम सकिएको र बाँकी सक्न दु्रतगतिमा निर्माण थालिएको साप्सु कालिका हाइड्रोपावर कम्पनी प्रालिले जनाएको छ ।

कम्पनीका मेनेजिङ डाइरेक्टर अर्जुन राईका अनुसार यो विद्युत् आयोजनाले एक मेगावाट क्षमताको विद्युत् उत्पादन गरिनेछ । खोटाङको १८ औं जिल्ला परिषद्ले पाँच वर्षभित्र जिल्ला लोडसेडिङ मुक्त बनाउने योजना पारित गरेपछि जिल्लामा विद्युत् उत्पादनले गति लिएको हो । यो आयोजना सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडलमा सञ्चालन गरिएको हो । यसबाट उत्पादित विद्युत् सिधै केन्द्रीय लाइनमा जोडिनेछ । उत्पादित विद्युत् उपभोक्ताको घर–घरमा प्रवाह गर्नका लागि बुइपास्थित केन्द्रीय लाइनको सब–स्टेसनसम्म पुर्‍याउन खम्बा गाड्ने र तार टाँग्ने काम पनि भइरहेको राईले बताए ।

मेवाखोला हाइड्रोपावर दिक्तेल नगरपालिका–१० मा पर्ने मेलाखोला दोभानबाट उत्पादन गर्न लागिएको हो । उक्त हाइड्रोपावरका लागि तीन किलोमिटर टाढाबाट पानी ल्याइएको छ । हाइड्रोपावरका लागि आवश्यक केही–केहीबाहेक अधिकांश सामग्री ढुवानीको कामसमेत सकिएको आयोजनाले जनाएको छ । यसका लागि चार वटा कम्पनीले कन्ट्र्याकमा काम गरिरहेका छन् । हाइड्रो मेकानिकलका लागि महाशक्ति हाइड्रोपावर कम्पनी, ट्रान्समिसनका लागि शाह इलेक्ट्रोनिक प्रालि, सिभिलका लागि पेसिफिक बिल्डर्स र इलेक्ट्रोमेकानिकलका लागि चिन्सीले जिम्मा लिएका छन् ।

७० प्रतिशत बैंक लगानी तथा ३० प्रतिशत उपभोक्ताको सेयरबाट सञ्चालन गर्न लागिएको हाइड्रोपावर १९ करोड रुपैयाँको लागतमा सम्पन्न हुन लागेको हो । यसका लागि सानीमा बैंकको नेतृत्वमा बैंक अफ काठमाडौंले समेत लगानी गरेको छ ।

जिल्लाबासीलाई पहिलो प्राथमिकतामा राखेर सेयर संकलन थालिएको आयोजनाका लागि हालसम्म सा ाढे चार करोडको सेयर संकलन भइसकेको आयोजना प्रमुख ललितकुमार राईले बताए । सेयर खरिद गर्न जिल्लाबासीले देखाएको उत्साहले आयोजना सम्पन्न गर्न सहज भएको राईको भनाइ छ । राईले भने, 'हाइड्रोपवरको कामलाई महाभूकम्पले कुनै प्रभाव नपारेकोले छिट्टै सञ्चालन गरिनेछ ।'

श्रोतः कान्तिपुर, २०७१/२/३१

# पञ्चेश्वर प्राधिकरणमा नियुक्ति

सरकारले महेन्द्र गुरुङलाई पञ्चेश्वर विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत (सीईओ) नियुक्त गरेको छ । ऊर्जा मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले करिब एक साताअघि गुरुङलाई सीईओ नियुक्त गरेको हो ।

ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीका कारण करिब ६ महिना ढिला सीईओ नियुक्ति भएको हो । नेपालले सीईओ नियुक्तिमा ढिलाइ गरेपछि भारतले अतिरिक्त प्रमुख कार्यकारी अधिकृत (एसीईओ) लाई निमित्तको जिम्मेवारी दिन आग्रह गर्दै आएको थियो । सीईओलगायत कर्मचारी नियुक्त हुन नसक्दा पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत अध्ययन भारतका तर्फबाट एकतर्फी रूपमा बनिरहेको थियो ।

गुरुङ यसअघि सिँचाइ विभाग र विद्युत् विकास विभागका पूर्वमहानिर्देशक हुन् । उनी नेपाल इन्जिनियर्स एसोसिएसनका पूर्वअध्यक्षसमेत हुन् । मन्त्रालय र त्यसअन्तर्गतकै निकायका बहालवाला कर्मचारीलाई पञ्चेश्वरमा नियुक्त गर्न मन्त्री ज्ञवालीलाई दबाब थियो । उनले गुरुङलाई सीईओमा नियुक्ति गर्न गरेको प्रस्ताव मन्त्रिपरिषद्बाट ३ पटक फिर्तासमेत भएको थियो । नलसिंहगाढ जलविद्युत् आयोजनाको कार्यकारी निर्देशकमा कांग्रेसनिकटलाई ल्याउन सहमति भएपछि एमालेनिकट गुरुङ पञ्चेश्वरको सीईओ बनाइएको मन्त्रालय स्रोतको भनाइ छ ।

प्राधिकरणको कार्यकारी निर्देशकमा रुद्रप्रसाद सिटौला (कानुन) र दिलीपकुमार सडौला (वातावरण) लाई नियुक्त गरिएको छ । कार्यकारी निर्देशक (प्रशासन) मा पूर्वसहसचिव नवराज सन्जेलको नाम प्रस्ताव भए पनि अस्वीकृत भएको छ ।

भारतले चारमध्ये दुई कार्यकारी निर्देशक नियुक्त गरिसकेको छ । सीईओको पद भने ३/३ वर्ष नेपाल र भारतले आलोपालो गरी नियुक्त गर्ने व्यवस्था छ । भारतीय परामर्शदाता वाप्कोस लिमिटेडले गत मंसिरदेखि पञ्चेश्वरको विस्तृत अध्ययन (डीपीआर) निर्माण गरिरहेको छ ।

नेपालले सीईओलगायत कर्मचारी नियुक्त गर्न नसक्दा डीपीआरको अनुगमन, मूल्यांकन र सुपरिवेक्षण हुन सकेको थिएन । यसबाट पञ्चेश्वरको डीपीआर नेपालको हितविपरीत बन्न सक्ने भय पैदा भएको थियो ।

२०५२ माघमा नेपाल र भारतबीच महाकाली सन्धिबाट पञ्चेश्वर निर्माण गर्ने भएको हो । तर, त्यसको १९ वर्षपछि गत साउनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउँदा कार्यादेश पारित भएको थियो । यो आयोजनाबाट कुल ६७ सय २० मेगावाट विद्युत् उत्पादन हुन्छ ।

श्रोतः अभियान, २०७१/२/३१

# समयमै निर्माण पूरा भएन काबेली कोरिडोर

खविन लुइँटेल

कावेली कोरिडोर आयोजना निर्धारित समयमै पूरा हुन सकेको छैन । पूर्वीपहाडी जिल्लामा उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्ने १ सय ३२ केभीएको क्षमताको विद्युत् प्रसारण लाइन कावेली कोरिडोरको काम निर्धारित समयमा करीब आधा मात्र पूरा भएको हो । पाँचथरको अमरपुरदेखि झापाको लखनपुरसम्म ९० किमी दूरीमा रहेको कोरिडोर निर्माणमा २ सय ५९ ओटा टावर निर्माण गर्नुपर्नेमा हालसम्म ५० प्रतिशत कामसमेत पूरा भएको छैन । निर्माण पूरा नभएपछि अहिले डेढ वर्षका लागि म्याद थपिएको छ ।

कोरिडोरको काम आगामी असार मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य थियो । झापादेखि इलामसम्मको दूरीका टावर निर्माणको काम लगभग सकिए पनि पाँचथर र इलामको बीचमा प्रयोग हुने आधाभन्दा बढी टावर निर्माण प्रक्रिया नै शुरू भएको छैन । पाँचथरको अमरपुर, थापाटार, इलामको गोदक र झापाको लखनपुरमा सबस्टेशन निर्माणको काम भने अन्तिम चरणमा छ । पहिलो खण्ड मानेर तीव्र गतिमा काम सञ्चालन गरिएको इलाम–झापा खण्डसमेत हालसम्म सम्पन्न नहुँदा पाँचथर–इलाम खण्डको काम थपिएको समयमा समेत सम्पन्न हुनेमा आशङ्का छ ।

यता कोरिडोरको टावर रहने स्थान (फिदिम आसपासका क्षेत्र)मा मुआब्जा विवाद अझै कायमै छ । सदरमुकाम क्षेत्रमा घडेरीका लागि किनेको जग्गा भन्दै कोरिडोरलाई दिन नमानेपछि शुरू भएको विवाद नसुल्झिँदा विवाद भएको हो । त्यस्तै पाँचथरका भारपा, चोकमागु, शिवा, नवमीडाँडा, पौवासारताप, चिलिङदिनलगायत गाविसको मुआब्जासमेत नेपाल विद्युत् प्राधिकरणले जिल्ला प्रशासन कार्यालय, पाँचथरको खातामा जम्मा गरिदिएको छ । तर, स्थानीय सञ्चारमाध्यमबाट बारम्बार सूचना प्रकाशन÷प्रसारण गर्दासमेत ८६ मध्ये चारजना मात्रै मुआब्जा बुझ्न आएको कार्यालयका स्थानीय प्रशासन फाँट प्रमुख सुरेन्द्र दाहालले बताए ।

मेची अञ्चलका पहाडी जिल्लामा अहिले ३३ केभीएको प्रसारण लाइन मात्रै सञ्चालनमा छ । त्यसले आयोजनाहरूबाट उत्पादित विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्न समस्या भएको छ । इलाममा उत्पादन हुने विद्युत् गोदकस्थित सबस्टेशन र पाँचथरको हेवाखोलामा उत्पादित विद्युत् थापाटारमा जोडिनेछ । 'कावेली ए'को विद्युत् भने अमरपुर सबस्टेशनमा जोडिनेछ ।

थप गरिएको समयमा समेत कोरिडोरको काम पूरा नहुने हो भने ताप्लेजुङ र पाँचथरको सीमावर्ती कावेली नदीबाट उत्पादन हुने ३७ दशमलव ७, इलामको माइखोलाबाट उत्पादन हुने १५ दशमलव ६ तथा पाँचथरको हेवाखोलाबाट

उत्पादन हुने १५ मेगावाट बिजुली केन्द्रीय प्रसारण लाइनमा जोड्न कठिन हुनेछ । यसबाट करोडौंको नोक्सानी हुने निश्चित छ । कोरिडोरका लागि पर्याप्त रकम विनियोजन भएको भए पनि जग्गा अधिग्रहण, मुआब्जा वितरण तथा निर्माण कम्पनीको ढिलासुस्तीका कारण काममा ढिलाइ भएको आयोजनासँग सम्बद्ध कर्मचारी बताउँछन् ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७१/२/३१

# प्राधिकरण बैठक भोलि, आँधीखोला टुंग्याएरै छाड्ने ऊर्जा मन्त्रीको ढिपी

विकास थापा

विद्‌युत् प्राधिकरणका युनियनहरुसित छलफल लम्बिएपछि ऊर्जा मन्त्री राधाकुमारी ज्ञवालीले आज आइतबार साँझ डाँकेको विद्‌युत् प्राधिकरण सञ्चालक समितिको बैठक बस्न सकेन।

उनले प्राधिकरण सञ्चालक समितिका सदस्यहरुलाई भोलि सोमबार बिहान आठ बजे बैठक राखेर आँधीखोला टुंग्याउने संकेत गरेकी छिन्।प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्ले जनकपुर हिंडेको मौका पारी ज्ञवालीले निमित्त कार्यकारी निर्देशक रामचन्द्र पाण्डेयलाई बैठक राख्न निर्देशन दिएकी थिएन्।

प्राधिकरणका पाँचवटै युनियनहरुसित छलफल गरी त्यस लगत्तै बैठक राख्ने योजनामा रहेकी मन्त्री ज्ञवालीले छलफल लम्बिएपछि सञ्चालक समिति बैठक स्थगित गरेको स्रोतले बतायो।

युनियनहरुसितको बैठकमा कर्मचारी युनियनका अध्यक्ष रामप्रसाद रिमालले आँधीखोला जलविद्‌युत् कुनै पनि हालतमा विदेशी कम्पनीसित मिलेर गर्न नहुने बताए। अधिकांश पदाधिकारीहरुले मन्त्री ज्ञवालीको योजना मुताबिक निर्णय भए कडा आन्दोलनमा उत्रने चेतावनी दिएका थिए।

'सर्वत्र विरोध हुँदाहुँदै पनि मन्त्रीजीको यो प्रस्ताव पारित गराउने मनसाय देखिन्छ,' प्राधिकरण स्रोतले भन्यो, 'सरकारको आयु छोट्टिँदै गएपछि मन्त्रीजी निकै हतारमा हुनुहुन्छ।'

प्राधिकरण आफ्नै अध्ययन गरेको आँधीखोला जलविद्‌युत् (जलाशययुक्त) चिनियाँ कम्पनी सीजीजीसीलाई ८० प्रतिशत हिस्सा दिएर निर्माण गर्ने चलखेल भइरहेको हो।

आँधीखोला चिनियाँ कम्पनीले लगेमा भोलिका दिनमा माथिल्लो अरुण, दूधकोसी, तामाकोसी पाँचौंजस्ता प्राधिकरणले अध्ययन गरेर निर्माणका लागि ठिक्क पारेका आयोजना विदेशी कम्पनीलाई बेच्न बाटो खुल्ने, विदेशी कम्पनीले आयोजनाका लागत उच्च पारी प्राधिकरण ठग्ने र यसबाट प्राधिकरणलाई ठूलो आर्थिक नोक्सानी बेहोर्नुपर्ने लगायतका कारण देखाउँदै प्राधिकरणका युनियनहरुले विरोध गर्दै आएका छन्।

श्रोतः नयाँ पत्रिका, २०७१/२/३१

## चिलिमेमा दुई नयाँ सञ्चालक

चिलिमे जलविद्युत् कम्पनी लिमिटेडको सञ्चालमा तुलसीराम ढकाल र रामप्रसाद रिमाल चुनिएका छन् । शनिबार सम्पन्न कम्पनीको विशेष साधारणसभाले ‘ख’ वर्गका सेयरधनीका तर्फबाट ढकाल र रिमाललाई सञ्चालक समितिमा चयन गरेको हो ।
ढकाल यसअघि पनि चिलिमेका सञ्चालक थिए । रिमाल भने विद्युत् प्राधिकरणको एमाले समर्थित कर्मचारी युनियन अध्यक्ष हुन् ।
विशेष साधारणसभा दुई सञ्चालक चयनका लागि मात्रै भएकाले अन्य कुनै निर्णय नभएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत रामगोपाल शिवाकोटीले बताए ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७१/२/३१

# ड्याम फुट्ने खतरा रहेको भन्दै तल्लो कुलेखानीवासीद्वारा बिमा गराउन माग

**कुमार नेगी**

नेपालको एक मात्र जलासशयुक्त आयोजना कुलेखानी जलविद्युत् आयोजनाका तल्लोतटीय क्षेत्रका बासिन्दाले आफूहरूको दुर्घटना बिमा गर्न नेपाल विद्युत् प्राधिकरणसँग माग गरेका छन् ।

वैशाख १२ गते गएको भूकम्पका कारण आयोजनाको ड्याम चर्किएपछि तटीय क्षेत्रमा बसोबास गर्ने सर्वसाधारणले आयोजनासँग आफूहरूको बिमा गर्न माग गरेका हुन् । बाँध चर्किएपछि अब जुनसुकै बेला फुट्न सक्ने भन्दै बिमा गर्न माग गरिएको हो । भूकम्प र पराकम्पनका कारण बाँध चर्किएकाले अब कुलेखानी जलविद्युत् आयोजनाको जलाशयको ड्याम जुनसुकै समयमा फुट्न सक्ने स्थानीय देवकृष्ण पुडासैनीले बताए ।

कुनै कारण इन्द्र सरोबरको ड्याम फुटेमा ठूलो धनजनको क्षति हुने भएकाले तल्लो तटीय क्षेत्रका बासिन्दाको बिमा आवश्यक रहेको उनले बताए । वर्षा याममा बाँधस्थलको जलाधारमा बढी वर्षा भएको खण्डमा जलाशय भरिएर फुट्ने सम्भावना बढेकाले प्राधिकरणले तत्काल बिमाको प्रक्रिया अघि बढानउनुपर्ने उनको भनाइ छ । भूकम्पले बाँधको माथिल्लो सतह भासिनुका साथै डेढ सय मिटरभन्दा बढी दुरीमा डेढ मिटर तलसम्म चिरा परेको थियो ।

करिब एक किलामिटर चौडाइ र ७ किलोमिटर लम्बाइको बाँध भत्किएको खण्डमा तल्लोतटीय क्षेत्रमा व्यापक क्षति हुने भन्दै तल्लोतटीय क्षेत्रका बासिन्दाले आक्रोश समेत पोखेका छन् । कुलेखानी जलाशयको बाँध फुटेको खण्डमा कुलेखानी, सिस्नेरी, मन्थली, बेतिनी, फापरबारी, राईगाउँ र सर्लाही जिल्लाका धेरै गाविससहित भारतको बिहारमा समेत नोक्सानी पुग्ने मकवानपुरका सभासद् सुवासचन्द्र ठकुरीले बताए ।

कुनै पनि समयमा बाँध भत्कन सक्ने खतरा भएपछि तटीय क्षेत्रका बासिन्दाले खतराको संकेत दिने यन्त्र जडान गर्नसमेत आयोजनासँग माग गरेका छन् । प्राधिकरणले व्यवसाय गर्ने नाममा लाखौं मानिसको ज्यान खतरामा रहेको भन्दै स्थानीयले खतराको संकेत साइरन जडान गरी सुरक्षित वातावरण तयार गर्न माग गरेका हुन् ।

इन्द्र सरोबरलाई प्राधिकरणले पावर व्याकअपका रूपमा प्रयोग गर्दै आएको छ । वर्षा याममा परेको पानी संकलन गरी सुक्खा मौसममा विद्युत् उत्पादन गर्न प्रयोग गर्ने गरी निर्मित कुलेखानी जलविद्युत् आयोजनाबाट ९२ मेवागाट जलविद्युत् उत्पादन भइरहेको छ । प्राधिकरणले कुलेखानी पूर्ण क्षमतामा भरिएपछि पनि बाँधस्थलमा बोरा राखेर थप ६० सेन्टीमिटर बढी जमाएका कारण बाँध थप जोखिममा पर्ने गरेको सभासद् ठकुरीले बताए । समुद्री सतहबाट १ हजार ५ सय ३० मिटरसम्म पानी जम्मा गर्न मिल्ने गरी निर्माण गरिएको जलाशयमा ६० सेमी थप पानी जम्मा गर्न प्राधिकरणले बोरामा बालुवा भरेर बाँधस्थलमा राखेको छ । जापानिज र कोरियन प्राविधिकले निर्माण गरेको बाँधस्थलमा प्राधिकरणले क्षमताभन्दा बढी पानी जमाएर बाढी विद्युत् उत्पादन गर्ने र बोनस खाने काम गर्दा बाँध कमजोर बन्दै गएको सभासद् ठकुरीको आरोप छ ।

प्राधिकरणका अधिकारीहरूले भने बाँधमा ठूलो खतरा नदेखिएको बताएका छन् । कुलेखानी प्रथम जलविद्युत् आयोजनाका प्रमुख रामकुमार यादवले बाँधमा ठूलो खतरा नदेखिएको बताए । उनले भूकम्पका कारण ड्याममा सामान्य मात्र क्षति पुगेको र अहिलेको अवस्थाबाट ठूलो क्षति नहुने दाबी गरे ।

श्रोतः राजधानि दैनिक, २०७१/२/३१

# चिलिमेमा दुई सञ्चालक निर्वाचित

**काठमाडौं/रास–** नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत् कम्पनीको सञ्चालक सदस्यमा रामप्रसाद रिमाल र तुलसीराम ढकाल निर्वाचित भएका छन् ।

शनिबार भएको चिलिमेको विशेष साधारण सभाले रिमाल र ढकाललाई सञ्चालक सदस्यमा चयन गरेको कम्पनीका प्रबन्ध सञ्चालक रामगोपाल सिवाकोटीले जानकारी दिए । रिमाल प्राधिकरणको कर्मचारी युनियनका अध्यक्षसमेत हुन् । चिलिमे कम्पनीमा समूह ख का तर्फबाट निर्वाचित हुने दुई सञ्चालक सदस्य खाली भएपछि विशेष साधारण सभा गरिएको थियो । तीनजना उम्मेदवार रहेकामा हरिसुदन दाहालले छोडेपछि दुवै निर्विरोध निर्वाचित भएका थिए । विशेष साधारण सभामा प्राधिकरणका कार्यकारी निर्देशक एवं चिलिमे कम्पनीका अध्यक्ष मुकेशराज काफ्लेले चिलिमे जलविद्युत्बारे चर्चा गरेका थिए ।

श्रोतः कारोवार, २०७१/२/३१

# तनहुँ हाइड्रोमा परामर्शदाता नियुक्ति अझै अनिश्चित

**कृष्ण न्यौपाने**

दमौली, ३१ जेठ : तनहुँ हाइड्रोपावर लिमिटेडले परामर्शदाता कम्पनी ल्याह्मर इन्टरनेशनललाई सम्झौता गर्न आउन आह्वान गर्दै चिठ्ठी पठाएपनि अझैसम्म सम्झौता हुन सकेको छैन । परामर्शदाता ल्ह्यामर इन्टरनेसनलसँग सम्झौता हुन नसक्दा तनहुँ जलविद्युत् आयोजनाको काम पछि धकेलिँदै गएको छ ।

मन्त्रीपरिषद्ले गत पुस १७ मा ल्ह्यामरलाई परामर्शदाताका रूपमा नियुक्त गर्ने निर्णय गरेको थियो । त्यसको ५ महिना बितिसक्दा पनि विभिन्न समस्याका कारण ल्ह्यामर र विद्युत् प्राधिकरणबीच सम्झौता हुन सकेको छैन ।

यसअघि पनि परामर्शदाता नियुक्तिसम्बन्धी विवादका कारण तनहुँ जलविद्युत् आयोजना दुई वर्षपछि धकेलिएको थियो । आयकर नतिर्ने जिकिर गर्दै सम्झौता गर्न आनाकानी गरेपछि प्राधिकरणले गत चैत अन्तिम साता ल्ह्यामरलाई हटाएर अर्को परामर्शदाता छान्ने चेतावनी दिएको थियो ।

प्राधिकरणले आय कर तिर्ने सर्तमा १५ दिनभित्र सम्झौता गर्न अल्टिमेटम पनि दिएको थियो । त्यसपछि गत वैशाख पहिलो साता ल्ह्यामरले आयकर तिर्ने गरी सम्झौता गर्ने पत्र पठाएको थियो । सम्झौतामा भएका प्राविधिक विषयमा कुरा नमिल्दा प्राधिकरण र ल्ह्यामरबीच अझैपनि सम्झौता हुन सकेको छैन ।

आयोजनाका लागि सेती नदी माथि व्यास–७ पाटन र काहुँशिवपुरको झापुटार जोड्ने गरी अहिले पक्की पुल निर्माणाधीन अवस्थामा रहेको छ । रसुवा निर्माण प्रालि काठमाडौंले ११ करोड लागतमा उक्त पुल निर्माण गरिरहेको छ ।

परामर्शदाता नियुक्तिपछि मात्र सिभिल, इलेक्ट्रोमेकानिकल र हाइड्रोमेकानिकलका लागि बोलपत्र आह्वान सुरु हुन्छ । परामर्श सेवा खरिदका लागि एडीबीले पौने ३ अर्ब रुपैयाँ (२ करोड ७० लाख डलर छ) कर्जा दिएको छ । उसले आयोजनामा १५ अर्ब रुपैयाँ लगानी सम्झौता गरेको छ । यसअघि आयोजनाको काम ढिलाइ हुँदा लागत ५ अर्ब रुपैयाँ थप भइसकेको छ । जति ढिलाइ भयो, त्यत्ति नै लागत पनि बढ्छ ।

यसअघि सन् २०१८ मा आयोजना सम्पन्न गर्ने लक्ष्य लिइएकोमा परिमार्जन गरी २०२० अन्त्य पु¥याइएको छ । यो मिति पनि प्रभावित भएको छ ।

तनहुँ हाइड्रोमा सबैभन्दा धेरै ऋण जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को १८ करोड अमेरिकी डलर, दोस्रोमा एडीबीको १५ करोड र युरोपियन इन्भेष्टमेन्ट बैंक (इआइबी)को साढे आठ करोड अमेरिकी डलर छ । बाँकी रकम भने नेपाल सरकारले व्यहोर्नेछ । आयोजना सन् २०२० को अन्त्यसम्म सक्ने प्रबद्र्धक तनहुँको योजना छ ।

आन्तरिक खपतका लागि तनहुँ आयोजना बन्न लागेको हो । १ सय ४० मेगावाट जडित क्षमताको यो आयोजनाबाट वार्षिक ८५ करोड ७७ लाख युनिट बिजुली उत्पादन हुने विस्तृत अध्ययनले देखाएको छ । आयोजनाले बेलुका (पीक आवर) को विद्युत मागलाई पूरा गर्ने छ ।

दमौलीबाट ३ किलोमिटर माथि सेती नदीमा १ सय ४० मिटर अग्लो कंक्रिट बाँध निर्माण गरी २७ किलोमिटर लामो जलाशय बनाइने र सात वर्गकिलोमिटर क्षेत्रफल ढाक्ने जलाशयमा जम्मा गरिएको पानी १ सय १३ मिटर अग्लो हेटबाट खसालेर १ सय ४० मेगावाट विद्युत उत्पादन गरिनेछ । जलाशय क्षेत्रले जिल्लाका भीमाद, छाङ, माझकोट, रिसिङ रानीपोखरी, कोटदरबार, जामुने, काहँुशिवपुर गाविस र व्यास नगरपालिकालाई प्रभावित गर्नेछ ।

श्रोतः कारोवार, २०७१/२/३२

# तनहुँ जिल्लाको आवधिक योजना निर्माण

कृष्ण न्यौपाने

दमौली, ३२ जेठ – तनहुँ जिल्लाको पाँच वर्षको आवधिक योजना निर्माण गरिएको छ । आवधिक जिल्ला विकास योजना दिर्घकालिन सोच निर्धारण तथा योजना तर्जुमा गोष्ठिले आर्थिक वर्ष ०७२÷०७३ देखि ०७६÷०७७ सम्मको लागि योजना तथा कार्यक्रम तयार गरेको हो ।

तनहुँ जिल्लाको समग्र विकासको लागि 'सुसंस्कृत समतामूलक समाज र विकासमा दिगोपना, सम्बृद्ध तनहँु हाम्रो चाहना' भन्ने मूल नाराको दिर्घकालिन सोच तय गरेको स्थानीय विकास अधिकारी बन्धुप्रसाद बास्तोलाले बताए । यस अघि आर्थिक वर्ष २०५९ मा भएको आवधिक योजना निर्माण गोष्ठिले आर्थिक २०५९÷०६० देखि २०५३÷०६४ सम्मको लागि तय गरेको 'कृषि, पर्यटन, मानवीय विकास र पूर्वाधार सृजना, समतामूलक दिगो विकासको लागि समुन्नत तनहँु हाम्रो चाहना' भन्ने दिर्घकालिन सोचलाई यस पटक परिमार्जन गरिएको हो ।

जिल्लाको विकासको लागि कृषि, पर्यटन, उद्योग, जलश्रोत, मानवीय विकास र सञ्चारलाई प्राथमिकताको आधारमा क्षेत्र निर्धारण गरिएको छ । आइतबार कास्कीको धम्पुसम सम्पन्न गोष्ठिमा यस अघि नै निर्माण गरिएको भौतिक पूर्वाधार समिति, सामाजिक विकास समिति, आर्थिक विकास समिति, बन र विपद व्यवस्थापन समिति र संस्थागत क्षमता विकास समितिमा प्रतिनिधित्व गर्ने विषयगत कार्यालय, राजनीतिक दल, सामाजिक संघ संस्था, गैरसरकारी संस्था र पत्रकारहरुले आ—आफ्नो क्षेत्रमा पाँच वर्ष भित्र गरिने कार्यक्रमहरु तथा तिनका उद्देश्य तथा नतिजाहरु समेत प्रस्तुत गरेका थिए ।

विषयगत समिति मध्ये आर्थिक विकास समितिका संयोजक नेपाली कांग्रेसका कार्यवाहक सभापति ताराराज राना, जनसंख्या तथा सामाजिक विकास समितिका संयोजक नेकपा एमालेका उपाध्यक्ष श्रीप्रसाद श्रेष्ठ, भौतिक पूर्वाधार विकास समितिका संयोजक एनेकपा माओवादीका उपाध्यक्ष राजेन्द्रकेशरी न्यौपाने, वन तथा विपद व्यवस्थापन समितिका संयोजक नेकपा—माओवादीका सचिव अतिन्द्रकेशरी न्यौपाने र संस्थागत क्षमता विकास समितिको तर्फबाट संयोजक राप्रपा नेपालका अध्यक्ष कृष्णप्रसाद पौडेलले आ–आफ्नो समितिले हाल सम्म निकालेका निष्कर्षहरु प्रस्तुत गरेका थिए ।

गोष्ठिमा पाँच वर्ष भित्र जिल्लाका सबै गाविसका वडाहरुमा सडक सञ्जाल विस्तार गर्ने, बाह्रै महिना यातायात सञ्चालन गर्न सकिने गरी सडकको स्तरीकरण गर्ने, कम्तीमा १ हजार हेक्टर जमिनमा सिंचाई सुविधा पु¥याईने, जिल्लाका सबै घरधुरीमा विद्युत सेवा पु¥याउने, सञ्चारको साधन र सुविधालाई आधुनिक र गुणस्तरीय बनाउने, सबै नागरिकमा इन्टरनेटको सहज पहुँच वृद्धि गर्ने, सञ्चार माध्यमको सवलीकरण गर्ने र पत्रकारहरुको क्षमता र दक्षता अभिवृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने, राष्ट्रिय भवन आचार संहिता अनुसार मात्रै भवनहरु निर्माण गर्ने गराउने, एक निर्वाचन क्षेत्रमा कम्तीमा १ वटा रंगशाला र प्रत्येक गाविसमा खेलकुद मैदान निर्माण गरिसक्ने लगायतका कार्यक्रमहरु तय गरेको छ ।

यस्तै गोष्ठिमा धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाहरुको संरक्षण र प्रबद्र्धन गर्ने, जिल्लाका जग्गाको पुर्ननापी गर्ने, प्रत्येक गाविसमा विपद व्यवस्थापन कोष स्थापना गर्ने, दमौलीमा पशु हाटबजारको स्थापना गर्ने,

जल यातायातको सम्भाव्य अध्ययन गरी कार्यान्वयन गर्ने, जलविद्युत आयोजनाहरुको सम्भाव्य अध्ययन गरि पहिचान गर्ने, राष्ट्रिय महत्वका कालीगण्डकी करिडोर, बुद्धसिंह मार्ग र सिर्जना मार्गलाई निर्माण सम्पन्न गरी स्तरीकरण गर्ने, सबै गाविसमा अस्थायी प्रहरी चौकी स्थापना गर्ने, आदिवासी जनजातिको कला र संस्कृतिको जगेर्ना र संरक्षण गर्ने, कृषिमा व्यवसायीकरण गर्न कृषकहरुलाई अनुदान उपलब्ध गराउने लगायतका मुख्य कार्यक्रमहरु तय गरेको छ ।

स्थानीय विकास अधिकारी बास्तोलाले आवधिक योजना अनुसार नै हालसम्म वार्षिक योजना र कार्यक्रमहरु निर्माण हुँदै आएको भन्दै अहिले तयार भएको आवधिक योजनाले कम्तीमा पाँच वर्षको तनहँुको विकासलाई डोहो¥याउने बताए । उनले समग्र तनहँुको विकासको लागि योजना बनाईएको हुँदा यो योजना कार्यान्वय गर्नु बाध्यकारी हुने बताए । अहिले तयार भएको योजना कार्यान्वयन गर्न सकेमा जिल्लाको विकासले फड्को मार्ने स्थानीय विकास अधिकारी बास्तोलाले बताए ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा.जगदिशचन्द्र पोखरेलले तनहँु निकै सम्भावनायुक्त जिल्ला भएको हुँदा यसको पहिचान गरी कार्यान्वयनमा जोड दिनुपर्ने बताए । पोखरेलले पनि जिल्लाको सम्वृद्धिको लागि कृषि, पर्यटन, उद्योग र जलश्रोतलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । जिल्ला प्राविधिक कार्यालयका प्रमुख जिल्ला इन्जिनियर नारायणप्रसाद बरालले भौतिक पूर्वाधारको विकास नभई अन्य विकास असम्भव हुने हुँदा यस तर्फ विशेष ध्यान दिनुपर्ने बताए । कार्यक्रममा परामर्शदाताको तर्फबाट डा.सुधा श्रेष्ठ र विश्वदेव भट्टराईले सहजीकरण गरेका थिए ।

श्रोतः अभियान, २०७१/३/१

## २० मिनेट थुनिएको खोला एक्कासी फुटेपछि माथिल्लो तामाकोशीका १० कण्टेनर बाढीले बगायो

असार १, दोलखा । ४ सय ५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको हाइड्रोमेकानिकलअन्तर्गतका १० कण्टेनर बाढीले बगाएको छ । सोमवार राति परेको वर्षाका कारण पावरहाउस रहेको गोङ्गरखोला दोभानमा २० मिनेट खोला थुनिएर एक्कासि खुलेपछि उक्त क्षति पु¥याएको हो ।

लट–३ को अष्ट्रियन ठेकेदार कम्पनी एण्ड्रिज हाइड्रोले टर्बाइनमा ‘डेभलप’ गर्न ल्याइएको पार्ट्स रहेका १० कण्टेनर बगाएको हो । बाढीका कारण एण्ड्रिज हाइड्रोको ७ करोड रुपैयाँबराबरको क्षति भएको एण्ड्रिज हाइड्रोको गोङ्गरखोला वेयर हाउसका ‘रिगर’ सुरज थापाले जानकारी दिए ।

टर्बाइनमा पानी पठाउन प्रयोग हुने ‘नुजल’, पावरहाउसभित्र सामान उठाउन प्रयोग हुने ईओटी ७५÷१५ क्षमताको क्रेन र एउटा घर बगाएको उनले बताए । ८–९ ओटा नुजल र सातओटा कण्टेनर खोलामा देखिएका छन् भने तीनओटा हराएका छन् ।

तीमध्ये एउटा कण्टेनरको अंश २ किलोमिटर तल सिप्रिङखोला दोभानमा देखिएको उनको भनाइ छ । आयोजनाका ६ ओटा कण्टेनर बगाएको माथिल्लो प्रवक्ता डा गणेश न्यौपानेले बताए । एण्ड्रिज हाइड्रोका फोटोग्राफर प्रदीप कोइरालाले प्राप्त विवरणलाई कम्पनी व्यवस्थापनसँग छलफल गरेर क्षतिको विवरण जानकारी दिने बताए ।

आयोजनमा करीब ३५ अर्ब २९ करोड रुपैयाँ लागत अनुमान गरिएकोमा भूकम्प, डलरको सटही दर, ब्याज र निर्माण अवधि लम्बिएका कारण लागत बढनुका साथै विद्युत् उत्पादन मिति अनिश्चित भएको छ ।

श्रोतः कान्तिपुर, २०७१/३/१

# ऊर्जा क्षेत्रमा पौने १५ अर्बको क्षति

*लोकमणि राई*

भूकम्पबाट ऊर्जा क्षेत्रमा करिब पौने १५ अर्ब रुपैयाँको क्षति पुगेको छ । ऊर्जा मन्त्रालयको नेतृत्व तथा विश्व बैंकको अगुवाइमा भएको अध्ययनले यस्तो देखाएको हो ।

अध्ययन प्रतिवेदनले निजी, सार्वजनिक र सौर्य ऊर्जामा करिब १४ अर्ब ८० करोड ७५ लाख रुपैयाँको क्षति भएको देखाएको छ । त्यसमध्ये सबैभन्दा बढी क्षति स्वतन्त्र ऊर्जा उत्पादकहरूको भएको छ । प्रतिवेदनअनुसार स्वतन्त्र ऊर्जा उत्पादकहरूको भौतिक क्षति ७ अर्ब २० करोड ५७ लाख रुपैयाँ छ भने सौर्य ऊर्जाको ४ अर्ब ३० करोड ६४ लाख रुपैयाँ छ । सबैभन्दा कम क्षति सार्वजनिक क्षेत्र (विद्युत् प्राधिकरण) को छ । सार्वजनिक क्षेत्रको क्षति ३ अर्ब २० करोड ५४ लाख रुपैयाँको छ । निजी क्षेत्रसँग करिब २ सय ५६ मेगावाट र विद्युत् प्राधिकरणसँग करिब ४ सय ५४ मेगावाट विद्युत् उत्पादन गर्ने प्लान्ट छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको समूहमा भने विद्युत् प्राधिकरणअन्तर्गत गठित चिलिमेलगायत कम्पनी पनि पर्छन् । यसअघि निजी क्षेत्रका आयोजनामा मात्र करिब अढाइ अर्ब रुपैयाँको क्षति भएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले सार्वजनिक गरेको छ ।

एडीबी, जाइका, नर्वेजियन दूतावास र यूएनडीपीको पनि सक्रिय सहभागिता रहेको अध्ययनले क्षतिको विस्तृत विवरण भने दिएको होइन । 'प्रसारण लाइन र ग्रिड सबस्टेसनको क्षति मूल्यांकन गरिएको छैन,' प्रतिवेदनमा उल्लेख छ । अध्ययनले ६ लाख ३ हजार घरधुरीले विद्युत् गुमाएको देखाएको छ । त्यसमध्ये ९१ हजार २ सय घरधुरीले प्रसारण लाइनबाट प्राप्त हुने ग्रिड इलेक्ट्रसिटी र बाँकीले अफ ग्रिड विद्युत् (सोलर आदि) गुमाएको प्रतिवेदनमा उल्लेख छ । 'समयमै नयाँ घर बने विद्युत् आपूर्ति सूचारु हुन १२ देखि २४ महिना लाग्छ,' प्रतिवेदनमा उल्लेख छ ।

अध्ययन भूकम्प प्रभावित १४ जिल्लामा गरिएको हो । ती जिल्लामा रसुवा, गोर्खा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, सिन्धुली, ओखलढुंगा, मकवानपुर, ललितपुर, भक्तपुर र काठमाडौं छन् । अध्ययनका लागि प्राधिकरण, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) र वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रले तथ्यांक संकलन तथा ऊर्जा मन्त्रालयले तथ्यांक प्रशोधन गरेका हुन् ।

अध्ययनले भूकम्पबाट १ सय १५ मेगावाट जलविद्युत् उत्पादन गर्ने प्लान्ट बन्द भएको र ६० मेगावाट बराबरको प्लान्टमा आंशिक क्षति पुगेको देखाएको छ । 'प्राधिकरण र आईपीपीको निर्माणाधीन करिब १

हजार मेगावाटमा आंशिक क्षति पुगेको छ,' प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार ४२ सबस्टेसन र ५७ प्रसारण लाइनमा आंशिक क्षति भए पनि सञ्चालनमा रहेको छ । 'तर टावरको जग, पहिरोबाट र संरचनामा पुगेको क्षति यकिन भइनसकेको,' प्रतिवेदनमा उल्लेख छ ।

**प्रकाशित मिति:** २०७२ असार १ ०९:३१

श्रोतः कारोवार, २०७१/३/१

# राहुघाटको क्षमता बढाएर ४० मेगावाट पुर्याइने

**बाबुराम खड्का**

काठमाडौं, १ असार : नेपाल विद्युत् प्राधिकरणले प्रस्तावित राहुघाट जलविद्युत् आयोजनाको क्षमता बढाएर ४० मेगावाट पु¥याउने तयारी गरेको छ ।

काम गर्न नसकेको सिभिल ठेकेदार भारतको आइभीआरसीएल इन्फ्रास्टक्टर प्रोजेक्ट लिमिटेडसँग ठेक्का तोडेपछि प्राधिकरणले आयोजनाको क्षमता बढाउने तयारी गरेको हो । आयोजना ३२ मेगावाटमा डिजाइन गरिएको छ । आयोजना निर्धारित समयभन्दा ढिला र क्षमता बढेपछि लागत पनि थपिनेछ । प्राधिकरणले आयोजनाको विस्तृत इन्जिनियरिङ अध्ययन गरेपछि आयोजनाको लागत र क्षमता वृद्धिको विषयमा निर्णय हुनेछ । यसअघिको अध्ययनले राहुघाटलाई ४० मेगावाटमा डिजाइन गर्न सकिने देखाएको प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले बताए । आयोजना ३२ मेगावाटभन्दा क्षमता बढाएर ४० मेगावाटमा डिजाइन गर्नु उपयुक्त हुने उनले बताए । यस विषयमा औपचारिक निर्णय नभएको उनले जानकारी दिए । आयोजना ५ वर्ष ढिला हुने भएकाले लागत पनि बढ्नेछ ।

आयोजनाको विस्तृत अध्ययनपछि मात्र थप लागत निश्चित हुनेछ । "आयोजना धेरै ढिला भइसहेको छ," काफ्लेले भने, "आगामी ६ महिनामा सिभिल ठेकेदारको चयन गर्ने छौं ।" आयोजनाको नयाँ प्रारुप र सम्पन्न हुने नयाँ मिति छिट्टै तयार हुने काफ्लेले जानकारी दिए । "आईभीआरसीएलसँगको सम्झौता तोडिने काम सम्पन्न भएपछि नयाँ सिराबाट आयोजना निर्माण प्रक्रिया अघि बढ्छ," उनले भने, "अब नयाँ कम्पनी गठन गरेर अघि बढाउँदा राम्रो हुन्छ ।" उनका अनुसार आयोजनाको पुनः विस्तृत इन्जिनियरिङ अध्ययन सुरु हुनेछ ।

"आयोजनाको भूगर्भमा केही समस्या देखिएको छ," उनले थपे, "यस विषयमा पनि थप अध्ययन हुनेछ ।" आयोजनाको परामर्शदाता भने परिवर्तन नहुने भएको छ । हाल वापकोर्स इन्डिया लिमिटेडले परामर्शदाताको काम गरिहेको छ ।
भारतले सहुलियत कर्जा दिएकाले आयोजनाको प्रारूप तयारी र अघि बढ्ने विषयमा त्यहाँको निर्यात–आयात (एक्जिम) बैंकसँग सहमति लिनेछ । यसका लागि प्राधिकरणले एक्जिम बैंकसँग छिट्टै छलफल हुनेछ । एक्जिम बैंकसँग छफफल भएपछि आयोजनाको प्रारूप स्पष्ट हुने उनको भनाइ छ । एक्जिम बैंकले सहुलियत कर्जामा दिएकाले सिभिल, परामर्श सेवा, हाइड्रोमेकानिकल, इलेक्ट्रोमेकानिकललगायत सम्पूर्ण ठेक्का भारतीय कम्पनीबीच नै हुनेछ ।

ठेक्का सम्झौता भएको ५ वर्षसम्म पनि आईभीआरसीएलले आयोजनाको सिभिल निर्माण नगरेपछि प्राधिकरणले ठेक्का तोडेको हो । आइभीआरएलले सबैभन्दा कम अर्थात् २ अर्ब ७९ करोड ७८ लाख रुपैयाँमा राहुघाटको सिभिल निर्माणको प्रस्ताव गरेको थियो । गत साताको प्राधिकरण सञ्चालक समितिले आईभीआरसीएलसंगको ठेक्का तोडी नयाँ प्रक्रियाबाट आयोजना बनाउने निर्णय गरिसकेको छ । आईभीआरसीएलको खुद सम्पत्ति ऋणात्मक हुनुका साथै नगद प्रवाहमा समस्या छ ।

पुरानो अध्ययनले आयोजनाबाट वार्षिक १८६ गिगावाट प्रतिघण्टा बिजुली उत्पादन हुने देखाएको छ । आयोजनाको क्षमता बढाएर ४० मेगावाट कायम भए ऊर्जा उत्पादन बढ्नेछ । आयोजना नदीको बहावमा आधारित छ । यसको सम्भाव्यताको अध्ययन सन् १९९८ मा भई सन् २००८ मा सम्भाव्यताको अद्यावधिक गरेको थियो । आयोजनाका लागि आवश्यक २८२ रोपनी जग्गा अधिग्रहण गरिसकेको छ ।

म्याग्दी जिल्लामा पर्ने सो आयोजना पोखरादेखि ८३ किलोमिटर टाढा छ । आयोजना बाग्लुङ–जोमसोम राजमार्गको गलेश्वरमा रहेको छ । राहुघाट कालीगण्डकीको सहायक नदी हो । आयोजनाबाट उत्पादन हुने बिजुली २८ किलोमिटर लामो मोदीखोला सबस्टेसनमा ल्याएर राष्ट्रिय प्रसारणमा जोडिनेछ ।

श्रोतः कान्तिपुर, २०७१/३/२

# राहुघाटको ७६ करोड जोखिममा

*लोकमणि राई*

विद्युत् प्राधिकरणको सञ्चालक समितिले राहुघाटको ठेकेदारसँग सम्झौता तोड्ने निर्णय गरिसके पनि औपचारिक हस्ताक्षर नभएका कारण ७६ करोड रुपैयाँ गुम्ने खतरा बढेको छ । राहुघाटको ठेकेदार आईभीआरसीएल लिमिटेडसँग ठेक्का सम्झौता खारेज गर्ने निर्णय भए पनि ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीले हस्ताक्षर नगरेका कारण बैंक जमानत जफत गर्न नसकिने भएको हो । गत बिहीबार निर्णय भए पनि मन्त्री ज्ञवाली माइन्युटमा हस्ताक्षर नगरी छदिने भ्रमणका लागि फिलिपिन्स गएकी छिन् ।

माइन्युटमा हस्ताक्षर नभएकै कारण सञ्चालक समितिको निर्णय नपाएकाले राहुघाट आयोजनाले ठेकेदारले राखेको करिब ७६ करोड २५ लाख रुपैयाँ जमानत जफत गर्ने प्रक्रिया सुरु गर्न सकेको छैन । 'सम्झौताअनुसार जमानत जफत गर्ने अन्तिम म्याद असार १५ हो । त्यसपछि जमानत जफत गर्न मिल्दैन,' प्राधिकरण स्रोतले भन्यो, 'राहुघाट आयोजनाको कार्यालयले जमानत जफत गर्न ठेकेदारलाई सात दिनअघि सूचना दिनुपर्छ । हस्ताक्षर भएपछि पनि निर्णय आयोजनाको कार्यालयसम्म आइपुग्न समय लाग्छ ।'

राहुघाट जलविद्युत् आयोजनाको कार्यालयले सञ्चालक समितिबाट भएको ठेक्का सम्झौता खारेज गर्ने निर्णयबारे कुनै जानकारी नपाएको बताएको छ । 'ठेक्का सम्झौता खारेज गर्ने निर्णय नआएसम्म हामी ठेक्का सम्झौता खारेज र ठेकेदारको जमानत जफत गर्न सक्दैनौं,' आयोजना प्रमुख कुलमान घिसिङले भने, 'ठेकेदारको जमानतको म्याद जुन ३० (असार १५) सम्म मात्र छ । म्याद नसकिँदै जमानत जफत गर्नुपर्छ ।' ठेकेदार आईभीआरसीएलले ठेक्का सम्झौता खारेज हुने सुइँको पाइसकेकाले जमानतको अवधि लम्ब्याएको छैन ।

आईभीआरसीएलले ठेक्का सम्झौता भएको ४ वर्ष ८ महिना बितिसक्दा पनि १२ प्रतिशत मात्रै काम गरेको छ । जब कि साढे ३ वर्षमै पूरै आयोजना सक्ने सुरुमा सम्झौता भएको थियो । काम नभएपछि सञ्चालक समितिले गत बिहीबार ठेक्का सम्झौता खारेज गर्ने निर्णय गरेको थियो ।

ठेकेदार आईभीआरसीएलले एड्भान्स ग्यारेन्टीबापत करिब ४२ करोड ७५ लाख रुपैयाँ र बैंक ग्यारेन्टीबापत करिब ३३ करोड ५० लाख रुपैयाँ जमानत राखेको छ । काम गरेबापत ठेकेदार

आईभीआरसीएलले करिब ६० करोड रुपैयाँ भुक्तानी लगिसकेको छ । 'तर काम भने करिब १० करोड रुपैयाँको मात्र गरेको छ,' स्रोतले भन्यो ।

प्राधिकरण सञ्चालक समितिको हरेक निर्णय हस्ताक्षर हुन करिब २ साता लाग्छ । बैठकमा सञ्चालकहरू उपस्थित भएर के निर्णय गर्ने हो त्यसको लिखत तयार गर्छन् । निर्णय पारित गर्न सहमत पनि हुन्छन् । तर हस्ताक्षर नगरी बैठकबाट उठ्छन् । पछि पालैपालो निर्णयमा हस्ताक्षर गर्छन् ।

सञ्चालक समितिको निर्णय पाएपछि आयोजनाको कार्यालयले ठेकेदार आईभीआरसीएल आयोजनास्थल खाली गर्न पनि सूचना दिन्छ । पत्र पाएको १४ दिनभित्र ठेकेदारले आयोजनास्थल खाली गर्नुपर्छ । ठेकेदारले गरेको कामको मूल्यांकन परामर्शदाताले गर्छ । ठेकेदार र प्राधिकरणको क्षतिपूर्ति दाबी पनि अध्ययन गरेर परामर्शदाताले लेनदेनको अन्तिम हिसाबकिताब गरिदिन्छ । त्यसपछि हिसाबकिताब मिलान गरी ठेकेदारलाई बिदा गरिन्छ ।

ठेकेदार आईभीआरसीएलकै कारण प्राधिकरणले समस्याग्रस्त घोषणा गरेको राहुघाटको मुद्दा करिब ४ महिनादेखि पाटन पुनरावेदन अदालतमा अल्झिएपछि खारेज भएको थियो । त्यसपछि प्राधिकरणलाई ठेक्का सम्झौता खारेज गर्ने बाटो खुलेको थियो ।

मुद्दा खारेज हुनासाथ गत जेठ २० मा आयोजना प्रमुख घिसिङले प्राधिकरणमा ठेक्का सम्झौता खारेज गर्ने प्रस्ताव गरेका थिए । उक्त प्रस्ताव प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले सञ्चालक समितिमा पुर्‍याएका थिए ।

आईभीआरसीएलले चरम आर्थिक संकटका कारण सम्झौताअनुसार काम गर्न नसकेपछि प्राधिकरण ठेक्का सम्झौता खारेज गर्ने सोचमा पुगेको थियो । काम गर्न नसकेपछि ऋण लगानीकर्ता भारतीय एक्जिम बैंकले पनि आईभीआरसीएलको बचाउ गरेको थिएन भने भारतीय दूतावाससहितको टोलीले गत वर्ष छिटो काम गर्न कडा निर्देशनसमेत दिएको थियो ।

प्राधिकरणले गत माघ ८ मा ३० दिने म्याद तोकी 'नोटिस टु करेक्सन' पठाएर प्रक्रिया सुरु गरेको थियो । म्याद सकिएको भोलिपल्ट गत फागुन ९ मा राहुघाट प्राधिकरणविरुद्ध पाटन पुनरावेदन अदालत पुगेको थियो । अदालतले तत्कालका लागि यथास्थितिमा काम गर्न दिन भन्दै अन्तरिम आदेश जारी गरेपछि ठेक्का सम्झौता खारेज गर्ने प्रक्रिया रोकिएको थियो ।

३२ मेगावाटको राहुघाटका सिभिल ठेकेदार आईभीआरसीएलसँग २०६७ कात्तिक १८ मा ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौता खारेज भएपछि नयाँ प्रक्रिया सुरु गरेर यो आयोजना निर्माण गर्न करिब ५ वर्ष लाग्छ ।

श्रोतः नयाँ पत्रिका, २०७१/३/२

## वरुण आयोजनामा ३३ करोड क्षति

गत साताको बाढीपहिरोले बरुण हाइड्रोपावर कम्पनी स्वामित्वको ४.५ मेगावाटको हेवा खोला साना जलविद्युत् आयोजनामा ३३ करोड रुपैयाँको क्षति पुर्‍याएको छ । संखुवासभामा रहेको हेवा खोलामा आएको बढीले आयोजनाको बाँध, विद्युत् गृह, बालुवा थिग्राउने पोखरीलगायतमा क्षति पुर्‍याएको हो । बाढीले भौतिक संरचना क्षतिग्रस्त बनाएपछि आयोजनाबाट विद्युत् उत्पादन बन्द भएको छ । उत्पादन बन्द भएपछि आयोजनाका लगानीकर्ताले यस वर्ष लाभांश नपाउने भएका छन् । कम्पनीले केही अगाडि सर्वसाधारणका लागि सेयर निष्कासन गरेको थियो ।

कम्पनीका कार्यकारी अध्यक्ष शैलेन्द्र गुरागाईंले आयोजनाको भौतिक संरचनामा ३३ अर्ब रुपैयाँबराबरको क्षति पुर्‍याएको प्रारम्भिक अध्ययनबाट देखिएको बताए । ‘बाढीले बाँध पूरै भत्काएको छ, विद्युत् गृहमा बालुवा थुप्रिँदा उपकरण काम नलाग्ने अवस्थामा पुगेका छन्, बालुवा थिग्राउने पोखरी बालुवाले पुरेको छ,’ गुरागाईंले भने । उनले सबैभन्दा बढी विद्युत् गृहमा १४ करोड क्षति पुगेको र कम्तीमा पनि ६ महिनाको साढे ७ करोड रुपैयाँ आम्दानी गुमेको बताए । ‘अन्य संरचनामा पनि ठूलो क्षति पुगेको छ, पुनर्निर्माण गरी आयोजना सञ्चालनमा ल्याउन’ कम्तीमा ६ महिना लाग्ने अनुमान गरेका छौँ,’ गुरागाईंले भने । आयोजनामा ६५ करोड रुपैयाँ लगानी भएको थियो । यसमध्ये सेयर पुँजी (इक्विटी) २४ करोड रुपैयाँ र बाँकी ऋणबाट लगानी भएको थियो । अध्यक्ष गुरागाईंले आयोजना निर्माणका लागि लिइएको २८ करोड रुपैयाँ ऋण तिर्न बाँकी रहेको बताए ।

‘स्वदेशी लगानीकर्तालाई बचाउन भूकम्प र बाढीबाट क्षति पुगेका विद्युत् आयोजनालाई सरकारले सहुलियतपूर्ण कर्जा र विद्युत् खरिद बिक्रीको अहिलेको दर दिनुपर्छ,’ स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इपान) का उपाध्यक्षसमेत रहेका उनले भने ।

श्रोतः गोरखापत्र, २०७१/३/२

## गण्डक नहरमा पर्याप्त पानी नहुँदा विद्युत् उत्पादन हुन सकेन

परासी, असार २ गते । तीन महिना पछि गण्डक नहरमा पानी आएपनि नवलपरासीमा रहेको सूर्यपुरा गण्डक जलविद्युत् केन्द्रमा विद्युत् उत्पादन हुन सकेको छैनन् । भारतले गत शनिबारबाट नहरमा पानी दिए तापनि पर्याप्त पानी नदिँदा विद्युत् उत्पादन सुरु गर्न नसकिएको सूर्यपुरा विद्युत् उत्पादन गृहका फोरम्यान नागेन्द्र कोइरीले जानकारी दिनुभयो ।

गृहमा रहेको टरवाईन सञ्चालन गर्न ४० देखि ४५ क्युसेक नहरमा पानी आवश्यक भए पनि अहिले नहरमा पर्याप्त पानी भारतले नछाड्दा विद्युत् उत्पादन गर्न सकिएको छैन कोइरीले भन्नुभयो । गत फागुन १८ गतेदेखि गण्डक नहरमा पानी बन्द गरी गत शनिबारबाट मात्र नहरमा भारतले पानी दिएको थियो । तर पानी दिए तापनि पूरा पानी नदिँदा विद्युत् उत्पादन गृहमा उत्पादनका लागि पर्याप्त पानी नपुग्दा उत्पादन सुरु हुन नसकेको गृहले जनाएको छ ।

तीन महिनादेखि लगातार विद्युत् उत्पादन गृहमा उत्पादन बन्द हुँदा करिब दैनिक रु आठ लाखसम्म राजस्व घाटा लागेको केन्द्रको दाबी छ ।

विसं २०१६ मा गण्डक सम्झौताअनुसार नवलपरासीमा दैनिक १५ मेगावाट उत्पादन गर्ने गण्डक जलविद्युत् केन्द्र स्थापना गरिएको छ । हाल केन्द्रमा विद्युत् उत्पादन नहुँदा भारतको विहारबाट नवलपरासीमा विद्युत् आपूर्ति हुँदै आएको छ । रासस

श्रोतः  गोरखापत्र,  २०७१/३/२

### तामाकोशी सेयरको फिर्ता भुक्तानी सुरु

माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको सेयर नपरेका आवेदकको भुक्तानी फिर्ता गर्ने कार्य बुधबारदेखि सुरु भएको छ ।

नागरिक लगानी कोषका अनुसार फिर्ता भुक्तानी कार्य उक्त कोष, एनसिएम मर्चेन्ट बैंकिङ लिमिटेड, राष्ट्रिय वाणिज्य बैंकका नयाँ बानेश्वर, विशालबजार, पुल्चोक र भक्तपुरको सूर्यविनायकस्थित शाखाबाट भइरहेको छ ।

त्यसैगरी काठमाडौँ उपात्यकाबाहिरका ६६ जिल्लामा राष्ट्रिय वाणिज्य बैंकका शाखा कार्यालय र अन्य जिल्लामा सिटिजन्स बैंक, माछापुच्छ«े बैंक र जनता बैंकका शाखा कार्यालयबाट फिर्ता भुक्तानीको व्यवस्था गरिएको कोषले जनाएको छ । रासस

श्रोत: गोरखापत्र, २०७१/३/२

## गण्डक नहरमा पर्याप्त पानी नहुँदा विद्युत् उत्पादन हुन सकेन

तीन महिना पछि गण्डक नहरमा पानी आएपनि नवलपरासीमा रहेको सूर्यपुरा गण्डक जलविद्युत् केन्द्रमा विद्युत् उत्पादन हुन सकेको छैनन् । भारतले गत शनिबारबाट नहरमा पानी दिए तापनि पर्याप्त पानी नदिँदा विद्युत् उत्पादन सुरु गर्न नसकिएको सूर्यपुरा विद्युत् उत्पादन गृहका फोरम्यान नागेन्द्र कोइरीले जानकारी दिनुभयो ।

गृहमा रहेको टरवाईन सञ्चालन गर्न ४० देखि ४५ क्युसेक नहरमा पानी आवश्यक भए पनि अहिले नहरमा पर्याप्त पानी भारतले नछाड्दा विद्युत् उत्पादन गर्न सकिएको छैन कोइरीले भन्नुभयो । गत फागुन १८ गतेदेखि गण्डक नहरमा पानी बन्द गरी गत शनिबारबाट मात्र नहरमा भारतले पानी दिएको थियो । तर पानी दिए तापनि पूरा पानी नदिँदा विद्युत् उत्पादन गृहमा उत्पादनका लागि पर्याप्त पानी नपुग्दा उत्पादन सुरु हुन नसकेको गृहले जनाएको छ ।

तीन महिनादेखि लगातार विद्युत् उत्पादन गृहमा उत्पादन बन्द हुँदा करिब दैनिक रु आठ लाखसम्म राजस्व घाटा लागेको केन्द्रको दाबी छ ।

विसं २०१६ मा गण्डक सम्झौताअनुसार नवलपरासीमा दैनिक १५ मेगावाट उत्पादन गर्ने गण्डक जलविद्युत् केन्द्र स्थापना गरिएको छ । हाल केन्द्रमा विद्युत् उत्पादन नहुँदा भारतको विहारबाट नवलपरासीमा विद्युत् आपूर्ति हुँदै आएको छ । रासस

श्रोतः कान्तिपुर, २०७१/३/३

# थलियो काबेली करिडोर

*लोकमणि राई*

मुलुकमा विद्युत् आयोजनाका विभिन्न कामहरू किन, के कारणले समयमै सकिँदैन भन्ने उदाहरण जान्नुपरे काबेली हेरे पुग्छ, जहाँ सरकार, विद्युत् प्राधिकरण र ठेकेदारको चरम लापरबाहीको सिकार काबेली करिडोर बनेको छ । दुई वर्षअघि प्रसारण लाइन सक्नुपर्ने काम अझै सकिएको छैन । तीन खण्डमा निर्माण गर्नुपर्ने प्रसारण लाइनको दोस्रो र तेस्रो त सुरु हुने टुंगोसमेत छैन ।

विद्युत् प्राधिकरण राइट अफ वे (जग्गा प्राप्ति तथा रूख कटान) नखोली ठेकेदार छान्न हतारियो । ठेकेदार फिल्डमा खटिएपछि प्राधिकरण नै भन्न थाल्यो, 'वनले रूख काट्न दिएन ।' त्यसपछि ठेकेदार क्षतिपूर्ति लिएर काम नगरी बस्यो । यसले प्रसारण लाइन निर्माण गर्ने समय मात्र बढाएन, लागत पनि बढाएर आयोजना धान्नै नसकिने गरी महँगो बनाइदियो ।

काबेली करिडोर १ सय ३२ केभी प्रसारण लाइन विस्तार गर्न मुआब्जा विवाद टुंगिएको छैन । त्यस्तै प्राधिकरणका तर्फबट डेढ महिनामा खोल्नुपर्ने एलसीलाई ९ महिना लगाउने, अप्टिकल लाइन टर्मिनल इक्विपमेन्टको विवाद समाधान गर्न गठन गरेको समितिले ९ महिनामा कुनै निर्णय नगरी प्रतिवेदन दिने, भन्सारबाट सामान नछुटाउने लगायत दर्जनौं ढिलासुस्ती प्राधिकरणका कर्मचारीले गरिरहेका छन् ।

हुन त यस्ता समस्या काबेलीमा मात्र हैन, प्रायः सबैमा छन् । काबेलीलाई पनि महँगो बनाएर आफ्नो स्वार्थपूर्ति गर्न यस्तो षड्यन्त्र रचिएको प्राधिकरणकै कर्मचारीको दाबी छ । झुटा सर्वेक्षणदेखि धेरै कामहरू यस्तो डिजाइनअन्तर्गत गरिए, जसले आयोजनाको काम बढ्नुभन्दा पैसा बढी खर्च हुने र सबै लाभान्वित हुने रणनीति अपनाइयो ।

**डुबायो कोठे सर्वेक्षणले**

प्राधिकरणले ठेकेदारलाई भनेको थियो, 'विस्तृत सर्वेक्षण हामीले गरिसकेका छौं । चेक सर्वे गर र प्रसारण लाइन बनाऊ ।' ठेकेदार जगुवार ओभरसिज एन्ड एस्टर जेभी प्राइभेट लिमिटेड चेक सर्भे गर्न फिल्डमा पुुग्दा अवस्था फरक थियो । 'विस्तृत सर्वेक्षण धरातलीय यथार्थसँग मेल नखाएकाले पुनः सर्वेक्षण गर्नुुपर्ने,' जगुवारले प्राधिकरणलाई पत्र लेख्यो । त्यसपछि सुरु भयो पुनः सर्वेक्षणको काम ।

समय लम्ब्याउन पाए बढी भेरिएसन पाइन्छ । जगुवारलाई ९० किलोमटिर लामो डबल सर्किट काबेली करिडोर पुनः सर्वेक्षण गरन् २ वर्ष लाग्यो । पुनः सर्वेक्षण प्रतिवेदनलाई प्राधिकरणले आँखा चिम्लिएर छाप लगाइदियो । अर्थात आफूले गरेको विस्तृत सर्वेक्षण गलत थियो भनेर प्राधिकरणले आँखा चिम्लिएर स्विकार्‍यो । 'प्राधिकरणका कर्मचारीले गुुगल अर्थको सहयोगमा कोठामा बसेर सर्वेक्षण गरेका थिए र फिल्डमा गयौं भनेर टीए/डीए तथा सर्वेक्षण भत्ता पचाएका थिए,' प्राधिकरणका एक उच्च अधिकारीले भने ।

पुन: सर्वेक्षणको गम्भीर पक्ष के हो भने यो प्रसारण लाइनमा भारी रकम भेरिएसन आउने निश्चित भएको छ । किनभने पुन: सर्वेक्षणबाट प्रसारण लाइनको टावरको प्रकारमा व्यापक फेरबदल भएको छ । टावरको प्रकारअनुसार भारवहन क्षमता र डिजाइन फरक हुने भएकाले प्रयोग हुने फलामको मात्रामा पनि उल्लेख्य हेरफेर हुन्छ । त्यही भएकाले टावरको प्रकारअनुसार लागत फरक पर्छ ।

काबेली करिडोरमा जगुवारले गरेको सर्वेक्षणले सस्पेन्सन टावरको संख्या घटाएको छ भने एंगल टावरको बढाएको छ । घटबढको मात्रा ठूलो छ । प्राधिकरणले गरेको सर्वेक्षणअनुसार काबेली करिडोरमा कुल ३ सय १३ टावर निर्माण गर्नुपथ्र्यो । त्यसमध्ये २ सय १७ सस्पेन्सन टावर थिए । बाँकी ९६ एंगल टावर थिए । ती १५ डिग्री, ३० डग्री र ४५ डिग्रीका थिए । त्यही सर्वेक्षणका आधारमा प्राधिकरणले टेन्डर आहान गर्‍यो र बिल अफ क्वान्टिटिज (बीओक्यू) मा हस्ताक्षरसमेत भयो ।

जगुवारले गरेको सर्वेक्षणले कुल टावरको संख्या ३ सय १३ बाट घटाएर २ सय ५८ मा झार्‍यो । तर जगुवारको सर्वेक्षणले सस्पेन्सन टावरको संख्या २ सय १७ बाट घटाएर २६ मा सीमित गर्‍यो । एंगल टावरको संख्या भने ९६ बाट बढेर २ सय ३२ पुुग्यो । तुलनात्मक रूपमा सस्पेन्सन टावरको लागत सस्तो र बढी भार वहन गर्नुपर्ने एंगल टावरको लागत डिग्रीअनुसार महँगो पर्ने भएकाले कुल टावर संख्या ६५ वटा घटे पनि यो प्रसारण लाइनमा व्यापक भेरिएसन आउने निश्चित छ । हालसम्म करिब ४ करोड रुपैयाँ भेरिएसन आइसकेको प्राधिकरण स्रोतको भनाइ छ ।

**राइट अफ वेको लफडा**

रणनीतिक महत्त्व भएको काबेली करिडोरअन्तर्गतको दमक काबेली करिडोर राइट अफ वेको लफडाले आक्रान्त छ । ठेक्का सम्झौता भएको करिब साढे ४ वर्ष र ठेकेदार जगुवारले सर्वेक्षण गरेको करिब अढाइ वर्ष बितिसक्दा पनि प्राधिकरणले यो प्रसारण लाइनको दोस्रो र तेस्रो खण्डको जग्गा अधिग्रहण र रूख कटान गरी राइट अफ वे खोल्न सकेको छैन ।

कुल ९० किलोमिटर लामो यो प्रसारण लाइनको दोस्रो खण्डमा फिदिमदेखि सोयाकसम्म ४१ किलोमिटर पर्छ । यो खण्डमा १ सय २३ टावर निर्माण गर्नुपर्छ । तर प्राधिकरणले ५५ टावर निर्माण गर्न मात्र जग्गा उपलब्ध गराउन सकेको छ ।

प्राधिकरणले उपलब्ध गराएको टावरको जग्गा नियमित नभएर छरिएका छन् । त्यही भएकाले जगुवारले काम गर्न सकेको छैन । 'हामी २० ठाउँमा क्याम्प बनाएर कामदार परिचालन गर्न असमर्थ छौं,' जगुवारले प्राधिकरणलाई लेखेको पत्रमा उल्लेख छ ।

प्राधिकरण प्रसारण निर्देशनालय प्रमुख कन्हैया मानन्धरले दोस्रो खण्डमा ठेकेदारलाई एकपछि अर्को टावरको नियमित रूपमा जग्गा उपलब्ध गराउन नसकेको बताए । 'एउटा टावर बनाएपछि अर्को टावर बनाउन क्याम्प नै मुुभ गर्नुपर्ने अवस्था छ,' उनले भने, 'हामीले उपलब्ध गराएको जग्गा छरिएका छन् । यो दुवै (प्राधिकरण र ठेकेदार) का लागि समस्या हुँदै हो, ठेकेदारले पनि ढिलो काम गरेको हो ।' काबेली आयोजना प्रमुख दीपेन्द्र द्विवेदी भने

कतिपय स्थानमा १०/१५ टावर लहरै पर्ने गरी सँगै जग्गा उपलब्ध गराएको र त्यस्तो स्थानमा ठेकेदार परिचालन हुन सक्ने बताउँछन् । 'ठेकेदारलाई काम गर्न भनिसकेका छौं,' उनी भन्छन्, 'अब काम रोकिँदैन ।' करिब ३ महिनाअघि आयोजना प्रमुखका रूपमा कार्यभार सम्हालेका द्विवेदीले काबेली करिडोरको पहिलो खण्डको कामको गति बढाउन भूमिका खेलेका छन् ।

तेस्रो खण्डमा भने फिदिमदेखि काबेलीसम्म १५ किलोमिटर पर्छ । यो खण्डमा ३९ टावर बनाउनुपर्छ । तर प्राधिकरणले एउटा टावरको पनि जग्गा उपलब्ध गराउन सकेको छैन । स्थानीय बासिन्दासँगको मुआब्जा विवाद, वनको किचलो र सुरक्षा निकायको असहयोगका कारण जग्गा प्राप्ति गर्न नसकेको प्राधिकरणको भनाइ छ । यस्ता समस्या काबेली करिडोरमा अहिले पनि १ दर्जनभन्दा बढी ठाउँमा छन् ।

'सुरुमा वन, स्थानीय बासिन्दा र सुरक्षा निकायसँग समन्वय गरी राइट अफ वे क्लियर गर्नुपर्छ,' प्राधिकरणका ती अधिकारी भन्छन्, 'तर, यहाँ त सुरुमा ठेकेदार छान्न लोभिन्छन् । त्यसको कारण सबैले बुझेकै छ । मुआब्जा दिने, जग्गा अधिग्रहण गर्ने, वनसँग सम्बन्धित रूख कटानजस्ता काम आए जिम्मेवारी सार्छन् । त्यही भएकाले प्राधिकरण आफैंले बनाइरहेका हरेक आयोजनामा किचलो छ ।' द्विवेदीले राइट अफ वे खोल्ने र निर्माण कार्य सँगसँगै गर्ने उद्देश्यका साथ आयोजना बनाउन सकिने बताए । 'दुवै काम सँगसँगै गर्न नसकिने होइन,' उनी भन्छन्, 'तर सुरुमै राइट अफ वे क्लियर गरिसकेपछि ठेकेदार परिचालन गर्न सके किचलो हुँदैन ।'

ठकेदारले वन र स्थानीय बासिन्दा चिन्दैन । उसले रोजगारदाताले राइट अफ वे खोलिदिए काम गर्ने हो । नदिए बिनाकाम बस्नुपरेकामा क्षतिपूर्ति लिने हो । रोजगारदाता प्राधिकरण भएकाले उसले नै राइट अफ वे खोलिदिने र ठेकेदारलाई कडाइका साथ काम लगाउन सक्नुपर्छ । दमक–काबेलीमा भने उल्टो ठेकेदारले दर्जनौं पटक राइट अफ वे खोलिदेऊ भन्दै पत्राचार गरेको छ । पत्राचार गर्दा गर्दा वाक्क भएर जगुवारले एउटा पत्रमा उल्लेख गरेको छ, 'राइट अफ वेका सम्बन्धमा विद्युत् प्राधिकरणको आश्वासनलाई विश्वास गर्ने अवस्था गुमाइसक्यौं ।' यस्ता अवस्थाका कारण सन् २०१३ सेप्टेम्बरमै सकिनुपर्ने यो प्रसारण लाइन कहिले बन्छ भन्न सकिने अवस्था छैन ।

सानीमा माई जलविद्युत् आयोजनाको २२ मेगावाट विद्युत् खेर जाने भएपछि संसदको कृषि तथा जलस्रोत समितिसमेत लाग्यो । त्यसपछि दमक–काबेली प्रसारण लाइनको पहिलो खण्ड बन्न सक्यो । पहिलो खण्डमा दमकदेखि इलामसम्मको ३४ किलोमिटर पर्छ । यो खण्डको ९५ मध्ये ९४ टावर निर्माण हालै सम्पन्न भएको छ । त्यसमा ३३ केभी अस्थायी प्रसारण लाइन जोडी सानिमाको बिजुली ल्याइएको छ ।

'सानिमा जलविद्युत् आयोजनाले दबाब दिएपछि बाध्य भएर पहिलो खण्डको काम भयो,' प्राधिकरणका ती अधिकारीले भने, 'बाध्यता नपरी वा कुनै स्वार्थ नभई प्राधिकरणका कर्मचारी कामै गर्दैनन् ।' उनका अनुसार निहित स्वार्थमा आयोजना महँगो बनाउन यस्ता चलखेल हुनु अस्वाभाविक होइन ।

'डे वानमै सेक्सन १ र सेक्सन २ को राइट अफ वे पनि क्लियर गरिदिएको भए त्यहाँ काम हुन्थ्यो,' उनले भने ।

ग्रामीण विद्युतीकरण तथा ४ वटा सबस्टेसनलगायत कामसहित करिब ३ अर्ब ७८ करोड रुपैयाँ लागत रहेको काबेली

करिडोरबाट निर्माण भएका, निर्माणाधीन र योजनामा रहेका जलविद्युत् आयोजनाबाट करिब १ सय ५० विद्युत् उपभोक्तासम्म पुर्‍याउने योजना छ ।

साथै, रणनीतिक महत्त्वको यो प्रसारण लाइनबाट झापा, इलाम, पाँचथर र तेह्रथुमलगायत पूर्वाञ्चलका जिल्लाहरूमा वितरण प्रणाली चुस्त पार्ने लक्ष्य पनि छ ।

प्राधिकरण प्रमुख आयोजनास्थलमा समस्या नसुल्झिएपछि प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्ले मंगलबार काबेली करिडोर आयोजनास्थल गएका छन् ।

श्रोतः नयाँ पत्रिका, २०७१/३/३

# ऊर्जा मन्त्रालयको निर्णयले त्रिशूली–३ ‘‘बी’’ समस्यामा

**सचेन गौतम**

ऊर्जा मन्त्रालयले गरेको गलत निर्णयका कारण माथिल्लो त्रिशूली–३ ‘बी’ जलविद्युत् आयोजना समस्यामा परेको छ । ४२ मेगावाट विद्युत् उत्पादन हुन सक्ने आयोजना प्रभावित हुने गरी ऊर्जा मन्त्रालयले माथिल्लो त्रिशूली–३ ‘बी’ कै क्षेत्रमा निजी क्षेत्रको जलविद्युत् प्रवर्द्धकलाई सर्वेक्षण लाइसेन्स दिएको हो । माथिल्लो त्रिशूली–३ ‘बी’ विद्युत् प्राधिकरण र नेपाल टेलिकमको ३०/३० प्रतिशत संस्थापक सेयर लगानीमा निर्माण हुन लागेको हो । ऊर्जा मन्त्रालयले त्रिशूली–३ ‘बी’लाई ३७ मेगावाटको मात्रै उत्पादन लाइसेन्स दिएको थियो । उत्पादन लाइसेन्समै तोकिएको क्षेत्रको क्षमता बढाएर ४२ मेगावाट पुर्‍याउने प्रस्ताव आयोजनाले ऊर्जा मन्त्रालयसमक्ष गरेको थियो । तर, मन्त्रालयले त्रिशूली–३ ‘बी’को क्षेत्रमै पर्ने गरी (ओभरल्याप) हुने गरी परफेक्ट इनर्जी डेभलपमेन्ट प्रालिलाई ६५ मेगावाटको त्रिशूली गंगा जलविद्युत् आयोजनाको क्षेत्र संशोधन अनुमति दिएको हो । ऊर्जा मन्त्रालयको निर्णयले गर्दा त्रिशूली–३ ‘बी’को वार्षिक आम्दानी करिब २१ करोड रुपैयाँ कमी हुने भएको छ । ‘आयोजनाको क्षमता बढाएर ३९.२ मेगावाट या ४२ मेगावाट बनाउने प्रस्ताव स्वीकृतिका लागि विद्युत् विकास विभागमा पेस गरेका थियौँ, तर मन्त्रालयले यसलाई अस्वीकार गर्दै हाम्रो क्षेत्रमा पनि पनि असर पुग्ने गरी परफेक्ट इनर्जीको क्षेत्र संशोधन गर्ने बदनियतपूर्ण निर्णय गरेको छ,’ प्राधिकरण स्रोतले भन्यो ।

उनले परफेक्ट इनर्जी डिजाइन परिवर्तन गर्न सहमत हुँदा हुँदै ऊर्जासचिव राजेन्द्रकिशोर क्षेत्रीले गत २४ जेठमा यसलाई अस्वीकार गरेको बताए । ऊर्जासचिव क्षेत्री प्राधिकरण तथा त्यसका कर्मचारी, स्थानीय बासिन्दालगायतको लगानीमा निर्माण भएको चिलिमे मोडलको विरोधमा छन् । त्रिशूली–३ ‘बी’ पनि प्राधिकरण, टेलिकम, गाविस तथा जिविस, स्थानीय बासिन्दालगायतको लगानीमा निर्माण हुन लागेको आयोजना हो ।

वार्षिक ऊर्जा वृद्धिसँगै ३९.२ मेगावाटमा उत्पादन हुँदा आम्दानी १४ करोड रुपैयाँ र ४२ मेगावाट हुँदा २१ करोड रुपैयाँ आम्दानी पनि बढ्ने आयोजनाले जनाएको छ ।

‘विभागका महानिर्देशक, पर्फेक्ट इनर्जी र प्राधिकरणका अधिकारीबीच भएको छलफलमा डिजाइन परिवर्तनको सहमतिपत्रमा हस्ताक्षर नै भएको थियो, तर सचिवले यसलाई उल्टाई त्रिशूली–३ ‘बी’को विद्युत् गृहपछि निक्लने पानीको तह (टेल वाटर लेभल) ६ सय ३९ मिटर कायम गरिएको छ,’ प्राधिकरण स्रोतले भन्यो । आयोजनाले आयोजना ३७ मेगावाटबाट बढाएर ४२ मेगावाट बनाउन विभागमा निवेदन दिएको थियो ।

४२ मेगावाट बनाउँदा यसअघि दिइएको अनुमतिपत्रमा उपलब्ध गराएको क्षेत्रभित्र नै उत्पादन हुने भएकाले थप क्षेत्र आवश्यक नपर्ने आयोजनाले जनाएको छ । तर, ऊर्जासचिव क्षेत्रीले क्षमता वृद्धिमा कुनै निर्णय

नगरी ‘टेल वाटर लेभल’ तोकिदिएका हुन् । यसअघि तोकिएको थिएन । ‘उत्पादन अनुमतिपत्रमा ‘टेल वाटर लेभल’को सीमा नतोकिएकाले सीमामा बाँधिनुपर्ने देखिँदैन त्यसैले क्षमता वृद्धि हुनुपर्ने देखिन्छ, तर सचिवको गलत निर्णयले गर्दा वित्तीय लगानी जुटाई तत्काल निर्माणमा जान सक्ने आयोजना समस्यामा परेको छ,’ आयोजना स्रोतले भन्यो । त्रिशूली गंगा जलविद्युत् सर्वेक्षणकै चरणमा रहेकाले यसको निर्माण अनिश्चित छ ।

त्रिशूली–३ ‘बी’मा टेलिकम तथा प्राधिकरणका कर्मचारीको ५ प्रतिशत, नुवाकोट तथा रसुवाका गाविस तथा जिविसको ५ प्रतिशत, रसुवा तथा नुवाकोटका वित्तीय संस्थाको ५ प्रतिशत, रसुवा तथा नुवाकोट जिल्लावासीको १० प्रतिशत र मुलुकभरका सर्वसाधारणको १५ प्रतिशत सेयर रहनेछ । आयोजनाले ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वामित्व पुँजी (इक्विटी) बाट लगानी जुटाउन लागिएको हो । आयोजनाको लागत करिब ८ खर्ब रुपैयाँ छ ।

श्रोतः कारोवार, २०७१/३/३

# सब–स्टेशन निर्माणमा ढिलाई,ठेकेदारलाई जरिवाना

**लक्ष्मण ढुंगाना**

बर्दिया, ४ जेठ : बर्दियाको मैनापोखरमा निर्माणाधिन विद्युत सब–स्टेशन निर्माणमा ढिलाई भएको छ । ६ वर्ष अघी सर्वे भई एसियाली विकास बैकंको ऋण सहयोगमा सन २०११ जुलाई देखि निर्माण सुरु गरेको ३३/११ केभि सव स्टेसन निर्माणमा ठेकेदारको लापरवाहीका कारण ढिलाई भएको वितरण प्रणाली सुदृढीकरण आयोजना काठमाडौले जनाएको छ ।

करिव साढे ५ करोड लागतमा निर्माणाधिन सवस्टेसन निर्माणको जिम्मा लिएको भारतीय कम्पनी अराब्ली इन्फ्रा पावर लिमिटेड नयादिल्लीले सन् २०१३ डिसेम्वरमा सक्नुपर्ने भएपनि विविध कारणले समयमा सम्पन्न हुन नसकेपछि सेप्टेम्वर २०१४ सम्म आयोजनाको म्याद थप गरिएको थियो । पटक–पटक म्याद थप गरी २०१५ जुन सम्म थप गर्दापनी कामसुरु नभएपछी ठेकेदारलाई १० प्रतिशत जरिवाना गराईएको आयोजना प्रमुख बोधराज ढकालले बताए । ढकालका अनुसार कम्पनीले काठमाडौं, पोखरा, पर्वत र बर्दियामा गरी २६ करोडमा ६ वटा सवस्टेसन निर्माणको जिम्मा पाएको थियो । ‘ठेकेदारको ढिलासुस्ती भएपछि करिव ढाई करोड जरिवाना गराएका छौं,’ उनले भने ‘मैनापोखरमा १ महिना भित्रै सक्ने प्रतीवद्धता जनाएको छ ।’

३३÷११ केभी प्रसारण लाईन विस्तारको लागी सब–स्टेशन देखि लाईन वितरण हुने क्षेत्रमा सोही Ômता अनुसारको छुट्टै पोल, तार तथा पावर ट्रान्सर्फमर जडानको काम सम्पन्न भइसकेको छ । स्टेसनको मुख्य सामाग्रीको रुपमा रहेको भ्याकुम सर्किट ब्रेकर र पावर कन्ट्रोल केवल जडान भएपछि सव–स्टेसन संचालनमा आउने आयोजनाले जनाएको छ । ति सामाग्रीहरु विरगन्ज भन्सारमा आईसकेको र उर्जा मन्त्रालय मार्फत भन्सार छुटको कागज २÷३ दिन भित्रै पठाउनको लागी पहल गरीरहेको नेपाल विद्युत प्राधिकरण गुलरियाका प्रमुख कुसेश्वर शाहुले बताए ।

आयोजना संचालनमा नआउदा बर्दियामा कम भोल्टेजवाट हुने समस्याको मार खेप्नुका साथै प्राविधिक कारणले विद्युत चुहावट हुने गरेको उनको भनाई छ ।

प्रमुख जिल्ला अधिकारी विनोद बहादुर कुवरले आयोजना निर्माणमा भएको ढिलासुस्तीले बर्दियावासीलाई सास्ती भएको बताए । दैनिक रुपमा विद्युतको समस्याका धैरै उजुरी आउने गरेपछि सो समस्या समाधानको पहल गरिदिनका लागि गृहमन्त्रालयको ध्यानार्कषण गराईएको उनले जानकारी दिए ।

बर्दियामा विद्युत विस्तार गर्ने उद्देश्यका साथ मैनोपोखर समेत गरी ३ वटा विद्युत सव–स्टेशन निर्माण हुने क्रममा छन् । मैनापोखर सव–स्टेशन संचालनमा आएपछि महम्मदपुर, कालिका, मैनापोखर, सोरहवा, जमुनी, डेउढाकला, मोतीपुर, बेलुवा र सोरहवा गरी ९ वटा गाविसमा सहज तरिकाले विद्युत आपुर्ति हुनेछ ।

त्यस्तै राजापुर क्षेत्र अन्तगर्त हाल कैलालीको टीकापुर सव–स्टेशनवाट ११ केभि प्रसारण लाईन संचालन रहेकोमा नयाँगाँउमा ३३ केभि विद्युत प्रसारण लाइन अन्तरगतको सव–स्टेशन निर्माण हुन थालेको छ । आव ०६७/०६८ देखि संचालनमा आएपनि जग्गा खरिद गरि बाउन्ड्री वाल निर्माण गर्ने वाहेक अरु काम अगाडी बढन सकेको छैन ।

त्यस्तै जिल्लाको भुरिगाँउमा समेत सव–स्टेशन निर्माणको लागि जग्गा खरिद गरी टेण्डर आव्हान भईसकेको े छ । भुरिगाँउ सब–स्टेशन संचालनमा आएपछि त्यस क्षेत्रका ६ वटा गाविसमा विद्युत विस्तार हुनेछ । जिल्लामा तिनवटै सव–स्टेशन संचालनमा आएपछि कम भोल्टेजवाट हुने समस्या समाधान हुनुका साथै प्राविधिक कारणले हुने विद्युत चुहावट नियन्त्रण भई प्रसारण लाईन भरपर्दो हुने विद्युत प्राधिकरणले जनाएको छ ।

श्रोतः कारोबार, २०७१/३/३

# जलविद्युत क्षेत्रमा हुने गुण्डागर्दी न्यूनिकरणका लागी प्रहरी

**छविलाल बगाले**

लमजुङ, ३ जेठ : जलविद्युतको अथाह भण्डार मानिएको लमजुङमा हुने गुण्डागर्दीलाई न्यूनिकरण गर्नको लागि इलाका प्रहरी कार्यालयको स्थापना गरिने भएको छ । जिल्लाको उत्तरी क्षेत्रमा निर्माण सम्पन्न, निर्माणाधिन र निर्माणको प्रक्रियामा रहेका जलविद्युत आयोजनामा भइरहने चन्दा आतंक, गुण्डागर्दी लगायतका गतिबिधि रोक्नको लागि प्रहरी कार्यालयको भवन निर्माण गरिने भएको हो ।

कुल ४२ लाखको लागतमा निर्माण गरिन लागिएको भवनका लागि प्रहरी प्रधान कार्यलयले ५ लाख खुदी गाविसले ३ लाख, भुलभुले गाविसले २ लाख, सिम्पानी गाविसले १ लाख र घनपोखरा गाविसले २० हजार सहयोग गरेका छन् ।

७ रोपनी सार्बजनिक जग्गामा निर्माण हुन लागेको सो भवन ६ कोठाको निर्माण हुने प्रहरी प्रमुख पवन गिरीले जानकारी दिए । इलाका प्रहरी चौकीले उत्तरी लमजुङको खुदी, सिम्पानी, घनपोखरा, भुलभुले लगायतका गाविसको सुरक्षाको जिम्मा लिएको छ । तर इलाका प्रहरी कार्यालयको रुपमा रहेको यस खुदी प्रहरी चोकीमा जम्मा नौ जनाको मात्रै दरवन्दी रहेकोले केही समस्या हुने गरेको स्थानियबासीको भनाई छ । हालको दरबन्दी भुगोलको आधारमा निकै कम भएको स्वयं प्रहरीहरु नै बताउँछन् ।

निर्माणको थालनीमा रहेको सो भवनको प्रहरी नायव उपरिक्षक पवनकुमार गिरीले सिलान्यास गर्दै उनले प्रहरी र जनता बिचको सम्बन्ध नङ र मासु जस्तै रहेको बताए । जनता र प्रहरी बिच भएको यो सम्बन्ध कायम राख्न उनले खुदीबासीलाई आग्रह समेत गरेका छन् । उनले विकास निर्माणमा सुरक्षाले ठुलो अर्थ राख्ने बताउँदै सुरक्षाको ग्यारेन्टी भएमा लगानीको वाताबरण समेत बढ्ने उनको भनाई थियो । भवन निर्माण समितिका अध्यक्ष प्रेमबहादुर बस्नेतको अध्यक्षतामा भएको सो कार्यक्रममा अधिकांश बक्ताहरुले प्रहरी भवन निर्माण कार्य अति आबश्यक भएपनि अहिले निर्माण कार्यको थालनी हुन लागेकाले खुशी ब्यक्त गरेका छन् ।